

# भजन कसको गर्नौं?




सत्य वस्तुको तीनवटै कालहरूमा अभाव छैन र असत्य वस्तुको अस्तित्व छैन।
परमात्मा नै सत्य छ, शाश्वत छ, सनातन छ। द्रष्टव्य छ कि सत्य के हो।



।। ॐ नमः सद्गुरुदेवाय ।।

# भजन कसको गर्ने?

**सत्यको अभाव छैन, त्यसलाई मेटिन सकिदैन।**
**द्रष्टव्य छ कि सत्य के हो।**

लेखक :
परमपूज्य श्री परमहंसज्यूको कृपा–प्रसाद
**स्वामी श्री अड़गड़ानन्दजी**
श्री परमहंस आश्रम शक्तेषगढ़
ग्राम–पत्रालय – शक्तेषगढ़, जिला–मीरजापुर, उत्तर प्रदेश, भारत

प्रकाशक :
**श्री परमहंस स्वामी अड़गड़ानन्दजी आश्रम ट्रस्ट**
न्यू अपोलो एस्टेट, गाला नं 5, मोगरा लेन (रेलवे सबवे के पास)
अंधेरी (पूर्व), मुम्बई – 400069

**अनन्तश्री विभूषित,**
**योगिराज, युग पितामह**

# परमपूज्य श्री स्वामी परमानन्द जी

श्री परमहंस आश्रम अनुसुइया
(चित्रकूट)को
**परम पावन चरणमा सादर समर्पित**
**अन्तःप्रेरणा**

# गुरु-वन्दना

**।। ॐ श्री सद्गुरुदेव भगवान् की जय ।।**

जय सद्गुरुदेवं, परमानन्दं, अमर शरीरं अविकारी।।
निर्गुण निर्मूलं, धरि स्थूलं, काटन शूलं भवभारी।।

सूरत निज सोहं, कलिमल खोहं, जनमन मोहन छविभारी।।
अमरापुर वासी, सब सुख राशी, सदा एकरस निर्विकारी।।


अनुभव गम्भीरा, मति के धीरा, अलख फकीरा अवतारी।।
योगी अद्वैष्टा, त्रिकाल द्रष्टा, केवल पद आनन्दकारी।।

चित्रकूटहिं आयो, अद्वैत लखायो, अनुसुइया आसन मारी।।
श्री परमहंस स्वामी, अन्तर्यामी, हैं बड़नामी संसारी।।

हंसन हितकारी, जग पगुधारी, गर्व प्रहारी उपकारी।।
सत्-पंथ चलायो, भरम मिटायो, रूप लखायो करतारी।।

यह शिष्य है तेरो, करत निहोरो, मोपर हेरो प्रणधारी।।
जय सद्गुरु.........भारी।।

।। ॐ ।।




**श्री श्री १००८ श्री स्वामी परमानन्दजी महाराज (परमहंसजी)**
**जन्मः शुभ सम्वत् विक्रम १९६९ (१९११ ई.)**
**महाप्रयाण ज्येष्ठ शुक्ल ७, २०२६, दिनांक २३/०५/१९६९ ई.**
**परमहंस आश्रम अनुसुइया, चित्रकूट**



श्री स्वामी अड़गड़ानन्द जी महाराज

# गीता मानव मात्रको धर्मशास्त्र हो।
## –महर्षि वेदव्यास

श्रीकृष्णकालीन महर्षि वेदव्यासभन्दा पहिले कुनै पनि शास्त्र पुस्तकको रूपमा उपलब्ध थिएन। श्रुतज्ञानको त्यस परम्परालाई समाप्त गर्दै वहाँले चार वेद, ब्रह्मसूत्र, महाभारत, भागवत र गीता–जस्तो ग्रन्थहरूमा पूर्व सञ्चित भौतिक र आध्यात्मिक ज्ञानराशिलाई संकलन गरी आखीरमा आफैले निर्णय दिनुभयो–

**गीता सुगीता कर्तव्या किमन्यैः शास्त्रविस्तरैः।**
**या स्वयं पद्मनाभस्य मुखपद्माद्विनिःसृता।।**

**( म.भा., भीष्मपर्व अ० ४३/१ )**

गीता राम्ररी मनन गरेर हृदयमा धारण गर्ने योग्य छ, जुन पद्मनाभ भगवानको श्रीमुखबाट निस्केको वाणी हो भने अरु शास्त्रहरूको संग्रह गर्ने के आवश्यकता?

गीताका सारांश यस श्लोकबाट प्रगट हुन्छ–

**एकं शास्त्रं देवकीपुत्र गीतम्**
**एको देवो देवकीपुत्र एव।**
**एको मंत्रस्तस्य नामानि यानि**
**कर्माप्येकं तस्य देवस्य सेवा।।**

**–( गीता-माहात्म्य )**

अर्थात् एउटै शास्त्र छ जुन देवकीपुत्र भगवानले श्रीमुखबाट गाउनु भयो– गीता! प्राप्त गर्ने योग्य एउटै देउता छ। त्यस गीतमा जुन सत्य भनियो– आत्मा! आत्माबाहेक अरू केहि पनि सत्य छैन। त्यस गीतमा त्यो महायोगेश्वरले के जप्नको लागि भने?– ओम्। अर्जुन! ओम् अक्षय परमात्माको नाउँ हो, त्यसको जप गर र ध्यान मेरो धर। एउटै धर्म छ– गीतामा वर्णन गरिएको परमदेव एउटा परमात्माको सेवा। वहाँलाई श्रद्धासाथ आफ्नो हृदयमा धारण गर। अतः शुरुदेखि नै गीता तपाईको शास्त्र रहिआएको छ। भगवान् श्रीकृष्णदेखि हजारौं वर्षपछि

भएका महापुरुषहरूले एउटा ईश्वरलाई सत्य बताए, उनी गीता कै संदेशवाहक हुन्। ईश्वरसंग नै लौकिक र पारलौकिक सुखहरूको कामना गर्नु, ईश्वरसंग डराउनु, अरू कसैलाई ईश्वर न मान्नु यहाँसम्म त सबै महापुरुषहरूले भने; तर ईश्वरीय साधना, ईश्वरसम्मको बाटो पार गर्ने तथ्य कुरा मात्र गीतामा राम्ररी क्रमबद्ध ढंगले सुरक्षित छ। गीताबाट सुख–शान्ति पाउनको साथै यसले अक्षय देवत्व पद पनि दिन्छ। हेर्नुस्– गीताको गौरवप्राप्त टीका– '**यथार्थ गीता**'।

आज संसारमा सबै ठाउँमा गीताको समादर छ, तापनि यो कुनै धर्म अथवा सम्प्रदायको साहित्य बन्न सकेन; किनकि सम्प्रदायहरू कुनै न कुनै रूढिबाट ग्रसित भएका छन्। भारतमा प्रगट भएको गीता विश्व–मनीषाको धरोहर हो। अतः यसलाई राष्ट्रीय शास्त्र जस्तो सम्मान दिएर ऊँच–नीच, भेदभाव र झगडाको परम्पराले पिरोलिएका विश्वका सम्पूर्ण जनतालाई शान्ति दिने प्रयास गर्नुहोस्।

।। ॐ ।।

# भजन कसको गर्ने?

*महाकुम्भको अवसरमा चण्डीद्वीप (हरिद्वार) मा दिनांक १०-०४-१९८६को जनसभामा स्वामी श्री अड़गड़ानन्दजीको प्रवचन।*

बन्धुहरू हो!

सागर-मंथनको परिणामबाट निस्किएको अमृतघटको केही अंश यिनै स्थलहरूमा छल्किएको थियो, जहाँ कुम्भमेलाहरूको आयोजनहरूको इतिहास छ। त्यो अमृत-तत्त्वको शोधको विधि थाहा पाउनको लागि यी आयोजनहरू हुने गर्दछन्। यस्तो होइन कि मेलामा आयो, स्नान गर्‍यो, दृश्यहरू हेरियो र फर्कियो। धर्मको विषयमा, इष्टको विषयमा, आफ्नो कल्याणको बाटोमा हाम्रा जुन भ्रान्तिहरू छन् त्यसलाई मेटाउनको लागि यी कुम्भमेलाहरू लाग्दछन्। आज गीता र अरू योगशास्त्रहरू अनुसार एक परमात्मा र त्यसको प्राप्तिको एउटा निर्धारित क्रियाको ठाउँमा असंख्य पूजा-पद्धतिहरू प्रचलनमा छन्। कसैले भन्छ- गाई धर्म हो, कसैले भन्छ- पीपल धर्म हो तथा कसैले वर्ण-व्यवस्था र कसैले आश्रमको महत्त्व बताउँछ। अत: 'सनातन धर्म के हो?'- भन्ने प्रश्न अल्झिदै गइरहेको छ। आजको प्रश्न पनि यस्तो नै छ कि इष्ट के हो? भजन कसको गर्ने?

संसारमा सबैभन्दा बढ़ी धार्मिक, भजन-चिन्तन गर्नेवाला, पूजा-पाठ गर्नेवाला हिन्दू नै हुन्; तर आश्चर्य लाग्ने कुरा यो छ कि धर्मप्रति यति आस्थावान् हिन्दूले जीवनको अन्तिमसम्म पनि यो निश्चय नै गर्न सक्दैन कि मेरो इष्ट को हो? मैले कसको पूजा गरेर कल्याण प्राप्त गर्न सक्दछु? यसको मूलमा हेर्दा बहुदेववादको प्रचार नै एकनिष्ठ हुनमा सबैभन्दा बढ़ी बाधक सिद्ध हुन्छ। एउटा परिवारमा दस सदस्यहरू छन् भने सबैको देवता अलग-अलग हुन्छन्। कोही हनुमानको भक्त छ भने कोही शिवको, कोही देवीको, कोही कुनै अरू देवताको। आ-आफ्नो देवी-देवताहरूको लागि मान्छेहरू एक-आपसमा झगड़ा गरिरहेको पनि देखिन्छ। कसैलाई पनि यो थाहा छैन कि शाश्वत के हो? कसको उपासना गर्नाले शाश्वत धामको प्राप्ति हुन्छ? अनेकौं देवी-देवता हाम्रो मनमा यसप्रकारले पसी सकेका छन् कि अन्तिम समयसम्म पनि हामीले कसैमाथी विश्वास टिकाउन सक्दैनौं। मृत्युको समयमा जब छोरा-छोरीहरू वरिपरि उभिएर भन्दछन् कि हजुरबा, अब चिन्ता त्यागेर भगवान्को स्मरण गर्नुहोस्, तब

हजुरबाले एउटै साँसमा भन्दछ– हे हनुमानजी, हे दुर्गाजी, हे शीतला माई, हे विन्ध्यवासिनी देवी, हे मैहरवाली माता, हे हरसू ब्रह्म बाबा, हे शंकर जी अर्थात् औसतन पचीस–तीस नामहरू एकै चोटीमा स्मरण गर्न थाल्दछ। यसप्रकार अन्तसम्म पनि भ्रान्ति भइरहन्छ भने 'एउटा मन्दिर दश देवता बजार कसरी बस्ने?' हृदय एउटा मन्दिर हो, जसले एक परमात्मालाई आफूभित्र ठाउँ दिन सक्दछ, त्यसमा अनेकहरूलाई ठाउँ दिन सकिदैन। '**दुविधामा दुवै गयो, माया पायो न राम।**' अतः हृदय–देशमा कुनै एउटालाई बसाउनु नै उचित हुनेछ।

आउनुस् हेरौं कि यस सन्दर्भमा हाम्रा पूर्व महापुरुषहरूले के भनेका छन्। भगवान् श्रीकृष्णले कसलाई इष्ट भन्नुभयो? भगवान् रामले कसको भजन गर्नको लागि भन्नुभयो? भगवान् शिवले कसको स्मरण गर्ने निर्देश दिनुभयो? स्वयं यी आप्तपुरुषहरूले कसको चिन्तन गर्नुभयो? यति कुरा मात्रै तपाईंले जस्ताको त्यस्तै मान्नुभयो भने न शंका हुन्छ र न भविष्यमा हुनेछ। लाजमर्दो कुरा यो छ कि हामी त्यसमाथी विचार नै गर्दैनौं। कहिलेकाहिं विचार आए पनि हामी यति भयभीत छौं कि यस विषयमा आफ्नो निर्णयलाई फेर्न सक्दैनौं कि कतै पहिलेवाला देवता महाराज रिसाई न हालोस्, दुःख दिन न थालोस्।

हेर्नुस्, यस विषयमा योगेश्वर श्रीकृष्णले गीतामा आफ्नो स्पष्ट विचार प्रकट गर्नुभएको छ–

**मामुपेत्य पुनर्जन्म दुःखालयमशाश्वतम्।**
**नाप्नुवन्ति महात्मानः संसिद्धिं परमां गताः॥ ( गीता, ८/१५ )**

अर्जुन! मलाई प्राप्त गरेर पुरुषले क्षणभंगुर, दुःखहरूको खानि पुनर्जन्म लिनु पर्दैन, बरू त्यो पुरुषले मलाई प्राप्त गर्दछ। जो पुनर्जन्ममा आउँछ त्यो दुःखहरूको खानि हो। मलाई प्राप्त गरेपछि मात्र उसले पुनर्जन्म लिनु पर्दैन, बरू **'स्थानम् प्राप्स्यसि शाश्वतम्' ( गीता, १८/६२ )**– त्यो शाश्वत, सधैं रहने ठाउँ, परमधाम पाउने छ। अब हेरौं पुनर्जन्ममा को–को आउँछन्?–

**आब्रह्मभुवनाल्लोकाः पुनरावर्तिनोऽर्जुन।**
**मामुपेत्य तु कौन्तेय पुनर्जन्म न विद्यते॥ ( गीता, ८/१६ )**

अर्जुन! ब्रह्मादेखि चौधौं भुवन, चराचर जगत् पुनरावर्ती स्वभाववाला छ; तर मलाई प्राप्त गर्ने पुरुषले पुनर्जन्म न लिएर शाश्वत धाम पाउँछ। स्पष्ट छ कि ब्रह्मा र उनी द्वारा सृजित सम्पूर्ण सृष्टि मरणधर्मा छ। यो भित्र देवता, पितृ, दानव, ऋषि, सूर्य,

चन्द्र, सबैथरी आउँछन्। मानव–जीवनको परम लक्ष्य हो– अमरत्व प्राप्ति। यो लक्ष्यको प्राप्ति श्रीकृष्णको अनुसार एक परमात्माको चिन्तनबाट नै सम्भव हुन्छ। उदाहरणार्थ– तपाईंलाई समुद्र पार गर्नु छ। तपाईंले कुनै कागजको बण्डलको साहार लिनुभयो भने केही दूर जाने वित्तिकै त्यो भिजेर समाप्त हुन्छ र तपाईं डुब्नु हुनेछ। यसै प्रकारले अरू कुनै पनि साधन, जो आफै डुब्ने खाले छ, कमजोर छ, त्यसलाई ग्रहण गरेर पार जाने आशा गर्नु दुराशा मात्र हुनेछ। यसै प्रकार, जो आफै मरणधर्मा छ, नश्वर छ, उसले तपाईंलाई शाश्वत धाम दिन सक्दैन, अमरत्व दिन सक्दैन; हो, मृत्यु अवश्य दिन सक्छ। अत: एउटा परमात्माको चिन्तन नै गीताको उपदेश हो।

जब गीताको अनुसार देवता अशाश्वत र दु:खहरूको खानि हो भने फेरि उनीहरूको पूजा किन गरिन्छ? यस सन्दर्भमा श्रीकृष्णले भन्नुभयो (अध्याय ७/२०)– अर्जुन! जसको बुद्धि कामनाहरूले आक्रान्त छ, यस्ता मूढ़बुद्धि भएका व्यक्तिहरूले नै अरू देवताहरूको पूजा गर्दछन्। त्यहाँ देवता नामको कुनै सक्षम वस्तु हुँदैन, तर जहाँ पनि पानीमा, ढुङ्गामा, रुखमा मान्छेहरूको श्रद्धा झुक्दछ, त्यहाँ म नै खड़ा भएर उसको श्रद्धालाई पुष्ट गर्दछु, फलको विधान गर्दछु, अर्थात् यी पूज्ने मान्छेहरूले फल पनि पाउँछन्, तर त्यो फल भोगेपछि नष्ट भएर जान्छ। रात–दिन श्रम गरेर जे जस्तो फल प्राप्त भएको थियो त्यो पनि नष्ट भएर गयो। सम्पूर्ण परिश्रम व्यर्थ हुनजान्छ।

नष्ट हुने भए पनि, केही समयको लागि मात्रै भए पनि, फल त पाइन्छ नै! त्यसो भए नराम्रो के छ? यस सन्दर्भमा अध्याय नौमा भन्नुहुन्छ कि देवताहरूलाई पूज्नेले पनि मेरै पूजा गर्दछ, तर त्यो पूजा अविधिपूर्वक भएको हुन्छ, त्यसैले नष्ट हुनजान्छ। सबै थोक त्यागेर, रगत–पसीना एक गरेर तपाईंले पूजामा मेहनत गर्नुहुन्छ तर परिणाम यो निस्कियो कि त्यो नष्ट भएर गयो– किनकी पूजा अविधिपूर्वक छ। त्यसो भए जब श्रम गर्नु नै छ भने विधिपूर्वक किन गर्दैनौं? बाटो हिड्नु नै छ भने ठीक बाटोबाट किन हिड्दैनौं?

यदि त्यो देवपूजा अविधिपूर्वक छ भने विधि के हो? यस सन्दर्भमा अठारौं अध्यायमा भन्नुहुन्छ कि अर्जुन! आ–आफ्नो स्वभावमा हुने क्षमता अनुसार नियत कर्ममा लागेको पुरुष (मानिस)ले जसरी भगवत् प्राप्तिरूपी परमसिद्धि प्राप्त गर्दछ, त्यो विधि मबाट सुन। जुन परमात्माबाट सबै भूतहरूको उत्पत्ति भएको छ, जुन परमात्माद्वारा सम्पूर्ण जगत् व्याप्त छ, त्यो परमेश्वरलाई आफ्नो स्वभावबाट उत्पन्न क्षमताद्वारा राम्रो प्रकारले अर्चन गरेर, सन्तुष्ट पारेर मनुष्यले परमसिद्धि प्राप्त गर्दछ। अत: एक परमात्माको पूजा नै विधि हो। यो पूजा पनि चिन्तनको एउटा निर्धारित क्रिया हो। जसमा श्वासको यजन, इन्द्रियहरूको संयम, यज्ञस्वरूप महापुरुषको ध्यान इत्यादि क्रियाहरूको

समावेश हुन्छ, जसको चर्चा योगेश्वर श्रीकृष्णले चौधौं अध्यायको यज्ञ प्रकरणमा तथा सम्पूर्ण गीतामा ठाउँ–ठाउँमा गर्नुभएको छ। तपाईंले यसलाई सनातन शीर्षक भएको व्याख्यानमा विस्ताररूपले थाहा पाउन सक्नु हुनेछ। आवश्यकता पर्‍यो भने फेरि सोध्न सकिन्छ।

धेरै होइन, मात्र एक परमात्मा प्रति श्रद्धा र त्यो परमात्माको कुनै नाम ओम् अथवा रामको यदि तपाईंले जप गर्नुहुन्छ भने (धर्मको बारेमा केही थाहा नभए पनि) तपाईं शुद्ध धार्मिक हुनुहुन्छ, सम्पूर्ण क्रियालाई न जाने पनि तपाईं क्रियावान् हुनुहुन्छ। न यसको फल नष्ट हुनेछ, न तपाईं।

सम्पूर्ण गीतामा योगेश्वर श्रीकृष्णले कतै पनि देवताहरूको समर्थन गर्नुभएको छैन। अध्याय नौमा वहाँले भन्नुभएको छ कि केही व्यक्तिहरूले मलाई पूजेर स्वर्गको कामना गर्दछन्, मैले उनीहरूलाई विशाल स्वर्गलोकको भोग दिन्छु; तर उनीहरू **'क्षीणे पुण्ये मर्त्यलोकं विशन्ति'**– पुण्य क्षीण हुने वित्तिकै स्वर्गबाट खस्दछन्। तर खसे पछि पनि उनीहरूको विनाश हुँदैन, किनकी उनीहरू विहित कर्मद्वारा चल्ने खाले हुन्, जुन सही विधि हो। अर्जुन! यस विहित कर्ममा आरम्भको नाश हुँदैन। साधकले साधनाको क्रममा कुनै इच्छा गरीहाल्यो भने पनि भगवान्ले त्यसको पूर्ति गरीदिनु हुन्छ। त्यो वस्तु शाश्वत नै कहिले थियो र? त्यसैले वस्तु भोग पछि सकी हाल्छ, तर त्यो भक्तको विनाश हुँदैन; किनकी उसले विधिपूर्वक कर्म गरेको छ। वास्तवमा ब्रह्माद्वारा उत्पन्न ब्रह्मलोक, देवलोक, पशु–कीट–पतंगादि लोक सबै भोगयोनिहरू हुन्। मात्र मानिस नै कर्महरूको रचयिता हो। जुन कर्महरूद्वारा उसले परमात्मासम्मलाई पनि प्राप्त गर्न सक्दछ, अपवर्ग साध्न सक्दछ। शरीर धारणको क्षेत्रमा तपाईंहरू देवताहरू भन्दा पनि भाग्यशाली हुनुहुन्छ, बढ़ी हुनुहुन्छ; किनकी यो शरीर सुरदुर्लभ छ र तपाईंले पाई सक्नु भएको छ। तपाईं उनीहरूबाट के आशा गर्नुहुन्छ। तपाईं देवता बन्नुहोस्, ब्रह्माको स्थिति प्राप्त गर्नुहोस्, तर पुनर्जन्मको कर्म तबसम्म टुट्दैन जबसम्म मनको निरोध र विलयको साथ–साथै परमात्माको साक्षात्कार गरेर त्यही परमभावमा स्थित हुन न जाओस्। त्यसको विधि हो– गीतोक्त विहित कर्म, त्यसलाई भज्ने निश्चित क्रिया।

सोह्रौं अध्यायको अन्तमा भगवान् भन्नुहुन्छ– अर्जुन! तिमी शास्त्रद्वारा निर्धारित गरिएको कर्म गर। कुन शास्त्र? कतै अन्यत्र भौंतारिने आवश्यकता छैन, **'किमन्यैः शास्त्रविस्तरैः'–** अरू शास्त्रहरूको अन्योलमा किन पर्नु पर्‍यो? भगवान्ले आफै बताउनुभयो– **'इति गुह्यतमं शास्त्रमिदमुक्तं मयानघ।' (गीता, १५/२०)**– अर्जुन! यो गोपनीयभन्दा पनि अति गोपनीय शास्त्र मैले तिम्रो लागि भने। त्यसपछिकै श्लोकमा

भन्नुहुन्छ कि तिम्रो कर्तव्य र अकर्तव्यको व्यवस्थामा शास्त्र नै प्रमाण छ, त्यसैले तिमी शास्त्रद्वारा नियत कर्म गर। जसले शास्त्र–विधि त्यागेर आफ्नो इच्छानुसारको कर्म गर्दछ उसको लागि न सुख छ, न परमगति छ, न लोक छ र न परलोक। अत: तपाईंहरू सबै गीता शास्त्रद्वारा प्रतिपादित नियत कर्म गर्नुहोस्। भूत–भवानीको पूजा गरेर आफ्नो यो लोक र परलोक न बिगार्नु होस्।

योगेश्वर श्रीकृष्णको उपर्युक्त निर्देशको सन्दर्भमा अर्जुनले जान्न चाहे कि जुन व्यक्तिले शास्त्र–विधि त्यागेर, तर श्रद्धापूर्वक भज्ने गर्दछ, उनीहरूको कस्तो गति हुन्छ? भगवान्‌ले बताउनुभयो कि अर्जुन! यो पुरुष श्रद्धामय छ। यसको कतै न कतै श्रद्धा अवश्य हुन्छ। शास्त्र–विधिलाई त्यागेर भज्नेहरूको श्रद्धा तीन प्रकारको हुने गर्दछ– सात्विक श्रद्धावालाले देवताको, राजसी श्रद्धावालाले यक्ष–राक्षसहरूको र तामसी श्रद्धावालाले भूत–प्रेतहरूको पूजा गर्दछन्। यी तीनैथरीले पूजा मात्र गर्दैन, अथक परिश्रम गर्दछन्, घोर तपद्वारा तप्दछन्; तर अर्जुन! यी तीनै प्रकारका श्रद्धा भएकाहरूले शरीररूपमा स्थित भूतसमुदायलाई र अन्त:करणमा स्थित म अन्तर्यामी परमात्मालाई कमजोर गर्ने खाले हुन्। मदेखि टाढा पार्दछन्, न कि भजन गर्दछन्। अर्जुन! यिनीहरू सबैलाई तिमी असुर जान अर्थात् देवी–देवताहरूलाई पूज्नेहरू पनि असुर हुन्।

असुरको मतलब– के दुई सींग भएका, ठूला–ठूला दाँत भएका कुनै अनौंठो विचित्र जीव? हैन, परमदेव परमात्माको देवत्वबाट जो वंचित हुन्छ, ऊ असुर हो। श्रीकृष्णको अनुसार संसारमा मानिस दुई प्रकारका हुन्छन्– एकथरी देवताहरू जस्ता, अर्काथरी असुरहरू जस्ता। दैवी सम्पद् नामक गुणहरू धारण गर्नेहरू देवताहरू जस्ता र आसुरी सम्पद् भएका दुर्गुणहरू धारण गर्नेवाला पुरुषहरू असुरहरू जस्ता हुन्छन्। तपाईंको एउटा साखै भाई देवता र अर्को साखै भाई असुर हुन सक्दछ। अत: योगेश्वर भन्नुहुन्छ कि यी सबैलाई तिमी असुर जान। योभन्दा बढ़ी कसैले के भन्ने छन्?

बन्धुहरू हो! तपाईंहरूले यतिका श्रम पनि गर्नुभयो, शास्त्र–विधि त्यागेर यति तप पनि तप्नुभयो, तर परिणाम यो निस्कियो कि त्यो परमदेवको देवत्वबाट वंचित हुनुभयो, **‘असुरजान’**– असुर हुनुभयो। जुन आत्मालाई, परमात्मालाई प्रसन्न पार्नु थियो त्यो अझै दुर्बल र टाढा हुनगयो। जब श्रम नै गर्नु छ भने यस तरीकाले गर्नुहोस् जसबाट त्यो परमात्मा तपाईंको अनुकूल होस्, प्रतिकूल होइन। शास्त्र–विधिद्वारा नियत गरिएको कर्म किन नगर्ने? अत: जसको यी सबै अंशमात्र हुन् त्यो मूल एक परमात्माको चिन्तन गीताको मूल उपदेश हो।

अब यो चिन्तनको अधिकारी को हो? 'म त धेरै पापी छु, अर्जुन जस्तो मेरो भाग्य कहाँ छ र'– कतै यस्तो धारण बनाई न हाल्नुस्। कतै तपाईं हताश भएर बसी न हाल्नुस्, त्यसैले योगेश्वर श्रीकृष्ण भन्नुहुन्छ–

**अपि चेत्सुदुराचारो भजते मामनन्यभाक्।**
**साधुरेव स मन्तव्यः सम्यग्व्यवसितो हि सः॥ ( गीता, ९/३० )**

अर्जुन! अत्यन्त दुराचारीले पनि यदि अनन्य अर्थात् अन्य न, म बाहेक अरू कुनै देवतालाई न भजीकन मात्र मलाइ भज्दछ भने ऊ साधु नै मान्ने योग्य छ, किनकी ऊ यथार्थ निश्चयको साथ लागि सकेको छ। **'क्षिप्रं भवति धर्मात्मा शश्वच्छान्तिं निगच्छति।' ( गीता, ९/३१ )**– यसप्रकार लाग्नाले ऊ चाँड़ै नै धर्मात्मा बन्दछ, परमधर्म परमात्मासंग संयुक्त अन्त:करणवाला बन्दछ, र सधैं रहिरहने शाश्वत शान्ति प्राप्त गर्दछ।

अत: तपाईं अत्यन्त दुराचारी अथवा दुराचारीहरूको नाइके नै भए पनि (अरू धेरै थरीका दुराचारहरूको योजना बनाइरहेको भए पनि) यदि एक परमात्मा प्रति श्रद्धा र त्यो परमात्मालाई प्राप्त गर्ने क्रिया (यज्ञको प्रक्रिया) नियत कर्ममा श्रद्धासाथ लाग्नु हुन्छ भने तपाईं चाँड़ै नै धर्मात्मा बन्नु हुनेछ। **'कौन्तेय प्रतिजानीहि न मे भक्तः प्रणश्यति।' ( गीता, ९/३१ )**– अर्जुन! तिमी निश्चयपूर्वक सत्य जान कि मेरो भक्त कहिल्यै पनि नष्ट हुँदैन। अत: अरू कसैलाई पनि पुज्ने विधान छैन।

ठीक छ, एक परमात्मा प्रति श्रद्धा स्थिर भयो, धर्माचरणको लागि तयार पनि हुनु भयो; तर त्यो एक परमात्मालाई कहाँ खोज्ने? के तीर्थहरूमा, मन्दिरहरूमा? भजन गर्ने हो भने कहाँ बसेर गर्ने? यस सन्दर्भमा भन्नुहुन्छ–

**ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुन तिष्ठति।**
**भ्रामयन्सर्वभूतानि यन्त्रारूढानि मायया॥ ( गीता, १८/६१ )**

अर्जुन! त्यो ईश्वर सम्पूर्ण भूत–प्राणिहरूको हृदय–देशमा निवास गर्दछ। जब यति नजिक छ भने किन देखिदैन?– तब भन्नुहुन्छ कि मायारूपी यन्त्रमा आरूढ़ भएर सबैजना भ्रमवश भौंतारी रहेका हुन्छन् त्यसैले देख्न पाउँदैनन्। त्यसो भए के गर्ने, कसको शरणमा जाने?

गीताको १८/६२ श्लोकमा भन्नुहुन्छ, **'तमेव शरणं गच्छ'–** अर्जुन! त्यही हृदय–देशमा स्थित ईश्वरको शरणमा जाऊ। **'सर्वभावेन'**– सम्पूर्ण भावको साथ जाऊ। यस्तो हैन कि आधा भाव देवीमा त चौथाई देवतामा, सम्पूर्ण हृदयले समर्पित होऊ।

यसबाट लाभ? तब भन्नुहुन्छ, **'तत्प्रसादात्परां शान्तिं स्थानं प्राप्स्यसि शाश्वतम्।'-** उसको कृपा-प्रसादले तिमी परमशान्ति प्राप्त गर्नेछौ। त्यो स्थान पाउनेछौ जुन शाश्वत छ, सधैं छ। अतः परमात्माको खोजी गर्ने ठाउँ हृदय-देश हो, बाहिर कतै पनि होइन।

तर समस्या त यो छ कि त्यो हृदयस्थ ईश्वर आरम्भमा देखा पर्दैन। हृदयवाला ईश्वरको शरणमा जान त जाने, तर कसरी जाने? अर्को श्लोकमा भन्नुहुन्छ- अर्जुन! गोपनीयभन्दा पनि अतिगोपनीय एउटा कुरा अरू सुन। त्यसो भए त्यो गोपनीय कुरा के हो?-

**मन्मना भव मद्भक्तो मद्याजी मां नमस्कुरु।**
**मामेवैष्यसि सत्यं ते प्रतिजाने प्रियोऽसि मे।। ( गीता, १८/६५ )**

अर्जुन! तिमी ममा अनन्य मनवाला होऊ, मेरो अनन्य भक्त होऊ, मप्रति श्रद्धाले पूर्ण होऊ। मलाई नमन गर। मद्वारा निर्दिष्ट कर्म गर। यस्तो गरेमा तिमीले मलाई नै प्राप्त गर्नेछौ।

पहिले भन्नुभयो- तत्त्वदर्शीको शरणमा जाऊ, अहिले भरखरै भन्नुभयो- ईश्वर हृदय-देशमा हुनुहुन्छ, उसको शरणमा जाऊ, शाश्वत स्थान प्राप्त गर्नेछौ। यहाँ भन्नुहुन्छ- मेरो शरणमा आऊ। वास्तवमा योगेश्वर श्रीकृष्ण र भगवान् एक अर्काका पूरक हुन्। शाश्वतधाम पाउनु र सद्गुरु जुन परमात्म-भावमा स्थित हुनुहुन्छ, त्यसलाई पाउनु एउटै कुरा हो। त्यसैले सद्गुरुको शरण नितान्त आवश्यक छ। सद्गुरु नै भगवान्को धाममा प्रवेश गर्ने साँचो हो। भगवान् हुनुहुन्छ, तर सद्गुरुको अभावमा हामीले वहाँको दर्शन र वहाँमा प्रवेश पाउन सक्दैनौं। श्रीकृष्ण एउटा योगेश्वर हुनुहुन्थ्यो, सद्गुरु हुनुहुन्थ्यो। यो कुरा सजिलै संग घाँटीको तल ओर्लदैन, त्यसैले योगेश्वरले पुनः जोर दिंदै भन्नुहुन्छ-

**सर्वधर्मान्परित्यज्य मामेकं शरणं व्रज।**
**अहं त्वा सर्वपापेभ्यो मोक्षयिष्यामि मा शुचः।। ( गीता, १८/६६ )**

अर्जुन! सबै धर्महरूलाई त्यागेर मात्र मेरो शरणमा आऊ, म तिमीलाई सम्पूर्ण पापहरूबाट मुक्त गरीदिन्छु। म प्रतिज्ञा गर्दछु कि तिमीले निश्चय नै मेरो स्वरूप प्राप्त गर्नेछौ। तिमी शोक न गर।

प्रत्येक महापुरुषहरूले यही भन्नुभएको छ। भगवान् राम भन्नुहुन्छ- **'भगति मोरि।'** यसै क्रममा बौद्धले भन्छ- **'बुद्धं शरणं गच्छामि।'** जैनले भन्छ- **'सम्यक् दर्शन ज्ञान चरित्राणि'-** तीर्थंकरहरूको दर्शन, उनीहरूले बताएको ज्ञान र उनीहरू जस्तो चरित्र-निर्माण मोक्षको साधन हो। सिख भन्छ- 'वाहे गुरु'। इस्लाम भन्छ-

''मुहम्मद साहब अल्लाहका रसूल हुन्।'' ईसाले भन्छ– ''संसारको भारले थिचिएका मान्छेहरू मकहाँ आऊ, म तिमीहरूलाई विश्राम दिनेछु।'' पूज्य महाराजजी भन्नुहुन्थ्यो– ''हो! म भगवान्को दूत हूँ। मसंग न भेटीकन कोही पनि भगवान्संग भेट्न सक्दैन।'' तपाईंलाई त सबैले बोलाई रहेका छन्। तपाईं कसको–कसको नजिक जानु हुन्छ? महापुरुषहरूका यी कथनहरूको आशय मात्र यति हो कि आफ्नो समकालीन कुनै तत्त्वदर्शीको शरणमा जानुहोस्।

अत: एक परमात्मा प्रति समर्पण र त्यसैको पकड़ भएका कुनै महापुरुष भए वहाँको सान्निध्य, वहाँको सेवा तथा त्यो परमात्माको परिचायक दुई–अढ़ाई अक्षरको नाम छान्नु होस्– 'राम' अथवा 'ॐ', जुन तपाईंलाई उचित लाग्दछ। क्षणमा राम, क्षणमा ॐ यस्तो दुविधामा न पर्नुहोस्, कुनै एउटा नाम छान्नु होस्, सबैको अर्थ एउटै हो, परिणाम एउटै हो– तपाईंले यति नै गर्नु छ। यदि तपाईंले हिन्दी बुझ्नु हुन्न भने जुन कण–कणमा व्याप्त त्यो एक परमात्माको परिचायक छ, यस्तो कुनै छोटो दुई–अढ़ाई अक्षरको नाम ग्रहण गर्नुहोस्। जब नामको सूक्ष्म सतहहरूमा पुग्नु हुनेछ, तब यही छोटो नाम श्वासमा प्रवाहित भएको पाउनु हुनेछ।

## 'श्रीरामचरितमानस'को अनुसार इष्ट को हुन्?

अब आउनुस् श्रीरामचरितमानसको आलोकमा विचार गरौं कि इष्ट को हो? भजन कसको गर्नु पर्दछ?

'मानस' जसको हृदयको उपज हो त्यो भगवान् शंकरको निर्णय छ–

**धर्म परायन सोइ कुल त्राता। राम चरन जा कर मन राता।।**
**नीति निपुन सोई परम सयाना। श्रुति सिद्धान्त नीक तेहिं जाना।।**

**(मानस, ७/१२६/२-३)**

**सो कुल धन्य उमा सुनु, जगत पूज्य सुपुनीत।**
**श्री रघुबीर परायन, जेहिं नर उपज बिनीत।। (मानस, ७/१२७)**

उही नीतिमा निपुण छ, उही विद्धान् छ, वेदहरूको सार उसले राम्ररी बुझेको छ, उही कुलीन छ जसको मन एकमात्र रामको चरणहरूमा अनुरक्त छ।

सम्पूर्ण रामायणमा आरम्भदेखि अन्तसम्म एउटै कुरालाई पटक–पटक पुष्टि गरिएको छ कि हामीले भजन कसको गर्ने? वनवासकालको प्रसंग हो– भगवान् राम शृङ्गवेरपुरमा शयन गरीरहनु भएको थियो। कुश र फारपातको कोमल ओछ्यायनमाथि सुतिरहेको देखेर निषादराज गुहलाई महान कष्ट भयो। उनले छेउमा बसेको लक्ष्मणसंग

भने, 'कैकेयी असाध्यै कुटिल थिइन्, जसले रघुनन्दन राम र जानकीलाई सुखको अवसरमा दु:ख दिइन्।' लक्ष्मणले भने– यस्तो कुरा होइन,

**काहु न कोउ सुख दुःख कर दाता। निज कृत करम भोग सबु भ्राता।।**
**जोग बियोग भोग भल मंदा। हित अनहित मध्यम भ्रम फंदा।।**
**( मानस, २/९१/४-५ )**

**धरनि धामु धन पुर परिवारू। सरगु नरकु जहँ लगि व्यवहारू।।**
**देखिअ सुनिअ गुनिअ मन माहीं। मोह मूल परमारथु नाहीं।।**
**( मानस, २/९१/७-८ )**

धरणी, धाम, धन, पुर, परिवार, जन्म–मृत्यु, सम्पत्ति–विपत्ति, स्वर्ग–नरक– यी विषयहरूमा भन्नु–सुन्नु–गुन्नु मोहको मूल हो। मान्छेहरूले स्वर्गको कामना गर्दछन् भने त्यो पनि मोहको मूल हो। परमार्थको त्यहाँ प्रश्न नै उठ्दैन। त्यसो भए परमार्थ के हो? परमार्थ एउटा मात्र हो, परम पुरुष परमात्माको चिन्तन–

**सखा परम परमारथु एहू। मन क्रम बचन राम पद नेहू।। ( २/९३/६ )**

यस प्रकरणमा स्वर्ग र नरकसम्मको व्यवहार मोहको मूल हो, उद्गम हो र तपाईं स्वर्गका अधिकारी देवताहरूको पूजा गरेर मोहबाट मुक्त हुन चाहनु हुन्छ। कति विसंगतिहरू छन्।

**( क )**

**हम देवता परम अधिकारी। स्वारथ रत प्रभु भगति बिसारी।। ( ६/१०९/११ )**

हामी देवताहरू परम अधिकारी थियौं; तर विषयहरूको अधिनमा परेर तपाईंको भक्ति बिर्सियौं। '**हम देवता परम दुख पायो।**'– एक छ दु:ख र अर्को परम दु:ख, त्यस परम दु:खले देवता पनि आक्रान्त छन्। देवताहरू पनि विषयहरूको अधिनमा छन्। यदि तपाईंहरूले उनीहरूको सेवा गर्नुहुन्छ भने विषयहरू कै सेवा गर्नुहुन्छ।

**( ख )**

**बिधि प्रपंच गुन अवगुन साना। ( मानस, १/५/४ )**
**दानव देव ऊँच अरु नीचू। अमिअ सुजीवन माहुरु मीचू।। ( १/५/६ )**
**सरग नरक अनुराग बिरागा। निगमागम गुन दोष बिभागा।। ( १/५/९ )**

अर्थात् विधाताको प्रपंच गुण र अवगुणहरूले भरिएको छ। प्रपंच के हो? पाप र पुण्य, सुजाति र कुजाति, सुन्दर जीवन अमृत, विषालु जीवन मृत्यु, स्वर्ग र नरक

यी सबै विधाताका प्रपंचहरू हुन्। स्वर्ग र स्वर्ग निवासी देवताहरू प्रपंच हुन्। शास्त्रहरूमा आप्तकाम महापुरुषहरूले यसैको विभाजन गरेका थिए। यदि तपाईंले देवताहरूको पूजा गर्नुहुन्छ भने प्रपंचको पूजा गरी रहनु भएको छ। यो यसै संसारको गुण–दोषहरूको चित्रण मात्र हो। संसारभन्दा बेग्लै न कुनै देवता छ न स्वर्ग।

**( ग )**

गरुड़लाई मोह भयो। उनी ब्रह्माकहाँ पुगे। ब्रह्माले मनमनै विचार गरे कि गरुड़लाई त मैले नै बनाएको हुँ। भगवान्‌को मायाले जब मलाई नै अनेकौं पटक नचायो भने पक्षिराजलाई मोह हुनु कुनै आश्चर्यको कुरा होइन्– **'बिपुल बार जेहिं मोहि नचावा।' ( ७/५९/४ )** देवताहरूको पितामह ब्रह्मा नै जब नाची रहेका छन् भने देवताले तपाईंलाई मायाबाट बचाउन सक्छन्?

**सोई प्रभु भ्रूबिलास खगराजा। नाच नटी इव सहित समाजा।। ( ७/७१ख/२ )**

त्यही माया भगवान्‌को संकेत मात्रले नर्तकी जस्तै नाच्दछे। मायाले विवश भएर नाच्नेहरूको तपाईंले पूजा गर्नुहुन्छ। जब पूजा नै गर्नु छ भने उसको पूजा गर्नुस्, जसको संकेत मात्रले माया स्वयं नाच्दछे। गरुड़जी भन्नुहुन्छ– त्यो माया रघुवीर की दासी छिन् र त्यो रामको कृपा नभई छुट्दै छुट्दैन, यो म प्रतिज्ञापूर्वक भनी रहेको छु। अत: त्यो एक परमात्माको भजन गर्नुहोस् जो मायाधीश हुनुहुन्छ। जसको लागि मानसमा पटक–पटक संकेत गरिएको छ।

**( घ )**

**अग जग जीव नाग नर देवा। नाथ सकल जग काल कलेवा।।**

देवता, मनुष्यादि चराचर जगत् कालका खाजा हुन्। देवताहरू पनि कालका खाजा हुन्, जलपानका सामग्री हुन्। तपाईंहरू खाजाको भजन किन गर्नुहुन्छ? **'भजसि न मन तेहिं राम कहँ, काल जासु को दण्ड।'**, **'भुवनेश्वर कालहु कर काला।'** कालको पनि काल, जगत्‌का स्वामी भगवान् रामको भजन किन गर्दैनौं? जो स्वयं मरणधर्मा छ, उसले तपाईंलाई मृत्यु दिन सक्दछ, मृत्युबाट बचाउन सक्दैन।

**( ङ )**

देवताहरू तपाईंहरूको मनोगत भाव बुझ्नमा पनि सक्षम छैनन्। देवर्षि नारद हिमालयको गुफामा तपस्या गरीरहेको थियो। देवताहरूका राजा इन्द्र नारदजीको तपस्या देखेर सशंकित भए कि कतै यिनले मेरो पद (इन्द्र–पद) लिन त चाहेको छैन? देवताहरूको राजालाई यति पनि थाहा छैन कि नारदले किन भजन गरीरहेको छ? के उनले तपाईंहरूको मनोकामना पूरा गर्न सक्छ?

## ( च )

भगवत्–पथमा यदि कुनै रुकावट छ भने त्यो हो देवता। नारद मात्र होइन, जस–जसले भजनमा अग्रसर भए, देवताहरूले उसलाई खसाल्न भरपूर प्रयास गरे। सामान्य मानवहरूलाई पनि उनीहरूले यो पथमा जान दिंदैनन्–

**इन्द्रीं द्वार झरोखा नाना। तहँ तहँ सुर बैठे करि थाना।।**
**आवत देखहिं बिषय बयारी। ते हठि देहिं कपाट उघारी।।**

**( मानस, ७/११७/११-१२ )**

इन्द्रियहरूका ढोका हृदयरूपी घरका अनेकौं झ्यालहरू हुन्। प्रत्येक झ्यालहरूमा देवताहरू अड्डा जमाएर बसेका छन्। विषयरूपी हावालाई आइरहेको देख्ने वितिकै देवताहरूले जबरदस्ती झ्याल खोली दिन्छन्। व्यक्तिहरू विषयहरूमा अल्झिन्छन्। इन्द्रियहरू र उनीहरूको देवताहरूलाई ज्ञान राम्रो लाग्दैन। यिनीहरू सँग नै तपाईंहरूले लड्नु छ। यी विकार हुन्, बाधा हुन्। यदि यिनीहरूलाई पूज्नु हुन्छ भने तपाईंहरूले विकार पूजी रहनु भएको छ, बाधा पूजी रहनु भएको छ। बाधाहरूलाई त हटाउनु पर्दछ, हैन त।

**बिषय करन सुर जीव समेता। सकल एक तें एक सचेता।।**
**सबकर परम प्रकासक जोई। राम अनादि अवधपति सोई।।**

**( मानस, १/११६/५-६ )**

विषय, इन्द्रियहरू, तिनीहरूको देवता र जीवात्मा यी सबै (ओर्लने क्रमबाट) एउटाको सहायताले अर्को क्रियाशील हुन्छन् र यी सबैभन्दा माथी जो परम प्रकाशक हुनुहुन्छ, उही अनादि अवधपति राम हो। देवता पनि जसको प्रकाश लिएर प्रकाशित हुने गर्दछ, त्यो मूल परमात्माको चिन्तन गर्नुहोस्।

## ( छ )

देवताहरू त्रिकालज्ञ पनि छैनन्। राम–रावण युद्धको सन्दर्भ छ– भयंकर युद्ध चलिरहेको थियो, रावण मर्नै लागेको थियो। देवताहरूले पनि यो युद्धलाई हेरी रहेका थिए। उनीहरूले कसैको पक्ष लिई रहेका थिएनन्। उनीहरूले **'विकल बोलहिं जय जये'–** 'जय होस्, जय होस्'को रट लगाई रहेका थिए। थाहै छैन कसले जित्ने छ? रामको जय होस्– यस्तो भन्नुमा खतरा थियो। रामको विजय पक्का भएपछि मात्र युद्धको अन्तिम दिनहरूमा देवराजले आफ्नो रथ सहायताको लागि पठाए र रावण मर्ने वित्तिकै 'सधैं स्वार्थी' देवता पुगी हाले, उनीहरूका पितामह पनि आई पुगे। भन्न थाले–

**कृतकृत्य विभो सब बानर ए। निरखन्ति तवानन सादर ए॥**
**धिग जीवन देव सरीर हरे। तव भक्ति बिना भव भूलि परे॥**
**( मानस, ६/११० छन्द )**

प्रभो! यी वानरहरू कृतकृत्य छन् जसले हजुरको मुखारविन्दको दर्शन गरी रहेका छन्। हामी देवताहरूको शरीरलाई धिक्कार छ, जसले हजुरको भक्ति विर्सेर आवागमनमा परी रहेका छौं। जसले आफैं बाटो विराएको छ, के उसले तपाईंलाई बाटो देखाउन सक्ला? देवताहरूले भने–

**भव प्रवाह संतत हम परे। अब प्रभु पाहि सरन अनुसरे॥ ( ६/१०९/१२ )**

जो आफै बगी रहेको छ, के उसले तपाईंलाई पार उतार्न सक्दछ? (यदि उसले जानेको भए त आफै पार उत्रन सक्दैन थियो?) जो आफै भव–प्रवाहबाट आफूलाई बचाउनको लागि त्राहि–त्राहि गरीरहेका छन् कि मलाई पार गरी दिनुस्, के उसले तपाईंलाई पार गराउन सक्ला? उसले तपाईं माथी चढ़ेर बस्दछ र केही गरी पार भैहाले पनि तपाईं कुन घाटतिर लाग्नु हुनेछ? अत: देवताले पनि जसको शरण माग्दछ तपाईं सीधै उनै भगवान्लाई समात्नु होस्। जो देवता आफै विपत्तिमा फँसेको छ उसले तपाईंलाई कस्तो सहायता गर्ला?

**( ज )**

गोस्वामी तुलसीदासजीले देवताहरूको समर्थन कतै पनि गर्नु भएन। **'माया विवश बिचारे' ( विनय० )**– उनीहरू मायाद्वारा विवश छन्, विचरा छन्– उनीहरू संग चारा छैन भने तपाईं किन उसको नजिक जानु हुन्छ? देवता तपाईंको इष्ट होइन।

**( झ )**

देवताहरूको पराक्रम कति छ? गोस्वामीजीले मानसमा ठाउँ–ठाउँमा चित्रित गर्नुभएको छ–

**रावन आवत सुनेउ सकोहा। देवन्ह तकेउ मेरु गिरि खोहा॥ ( १/१८१/६ )**

रावण क्रोधित भएर आइरहेको सुनेका मात्र थिए, लड़ाई गर्नु त परको कुरा, क्रोधित भएर आइरहेको सुनेको मात्र थियो, **'देवन्ह तकेउ मेरु गिरि खोहा।'**– देवता मेरु पर्वतको गुफाहरूमा गएर लुके। तर देवीहरू कहाँसम्म भाग्न सक्दथिन्? रावणले उनीहरू सबैलाई पुष्पक विमानमा बसाली हाल्यो।

**देव जच्छ गंधर्व नर, किन्नर नाग कुमारि।**
**जीति बरीं निज बाहुबल, बहु सुन्दर बर नारि॥ ( १/१८२ ख )**

आफ्नो बाहुलाहरूको बलबाट ती सबैलाई जित्यो, उनीहरूलाई वरण गर्‍यो र निशाचरहरूमा बाँडेर उनीहरूलाई देवलोक जस्तो सुख-भोगको व्यवस्था दिएर सुखी पार्‍यो। देवताहरूले सुने कि परिवार त रावण कहाँ कैद छिन्, अनि बिना परिवारको एक्लै बाँचेर के गर्न सक्थे? उनीहरूलाई त्यहाँबाट छुटाउन लंका पुगे। रावणले उनीहरूलाई पनि सेवा-कार्यमा नियुक्त गरिदियो- **'कर जोरे सुर दिसिप विनीता। भृकुटि विलोकहिं सकल सभीता॥'** सबैजना हात जोड़ेर विनीत भावले उभिई रहन्थे। आँखीभौं हेरी रहन्थे कि कतै उठ्न-बस्नमा गल्ती न भइजाओस्, कतै आदेश-पालनमा ढिलाई हुन न जाओस्, कतै रावण रिसाई न हालुन्।

**रबि ससि पवन बरुन धनधारी।**
**अगिनी काल जम सब अधिकारी॥ ( मानस, १/१८१/१० )**

सूर्य, चन्द्रमा, अग्नि, यमराज, कुबेर र देवताहरूका सबै अधिकारीहरू रावणको आज्ञाको पालन गर्दथे, भयभीत थिए र दिनुहुँ हाजिर भएर रावणको चरणहरूमा ढोक्दथे। जसले पुग्न सक्दैन थियो, उसले घरबाटै प्रार्थना गर्दथ्यो कि कसैले कुरा न लगाई देओस्। यस्तो त देवताहरूको अस्तित्व थियो, तापनि हामीले पूजा गर्दछौं।

**( ञ )**

अब ती प्रकरणहरूमाथी पनि विचार गरौं, जसमा देवताहरूसंग सहायताको लागि गुहार गरिएको थियो। हामी हेर्ने प्रयास गरौं कि उनीहरूले कस्तो खाले सहायता गरे। एक पटक निशाचरहरूको आतंकले डराएकी पृथ्वी आफ्नो रक्षाको लागि गाईको रूप धारण गरेर देवताहरू कहाँ गइन् र भनिन् कि मेरो रक्षा गर। उनीहरूले जवाफ दिए कि हामी तिम्रो कष्ट-निवारण गर्नमा असमर्थ छौं। पृथ्वी संगसंगै सुर, मुनि, गन्धर्व सबैले देवताहरूका बाजे ब्रह्मा कहाँ पुगे। ब्रह्माले सबै कुरा थाहा पाइहाले कि यिनीहरू किन आएका हुन्? मनमनै अनुमान गरे कि मेरो पनि त केही वश चल्दैन। भन्नुभयो- जसको तिमी दासी छौ, उनी अविनाशी हुन्, उनको कहिल्यै पनि विनाश हुँदैन। उनी अजर, अमर, शाश्वत र अमृतस्वरूप हुन्। वहाँलाई नै प्रार्थना गर। वहाँ नै तिम्रो-हाम्रो सबैका सहायक हुन्।

समस्या यो थियो, त्यो परमात्मालाई खोज्ने कहाँ? **'पुर बैकुण्ठ जान कह कोई। कोई कह पयनिधि बस प्रभु सोई॥'** ( १/१८४/२ )- कुनै देवताले उनलाई बैकुण्ठ जानको लागि प्रेरित गरिरहेको थियो, भने कुनैले भनिरहेको थियो कि भगवान् क्षीरसागरमा बस्नु हुन्छ। त्यो समाजमा शंकरजी पनि थिए, तर उनले बोल्ने मौका नै

पाइरहेको थिएन। जसो–तसो एक वचन सम्म बोल्ने मौका पाए, **'अवसर पाइ बचन एक कहेऊँ।'** तब उनले भने–

**हरि ब्यापक सर्बत्र समाना। प्रेम तें प्रगट होहिं मैं जाना॥ (१/१८४/५)**
**अग जगमय सब रहित बिरागी। प्रेम तें प्रभु प्रगटइ जिमि आगी॥ (१/१८४/७)**

भगवान् शंकरले आफूले जानेको उपाय बताए कि भगवान् कण–कणमा समान रूपले व्याप्त छन्। सम्पूर्ण हृदयले मनलाई समेटेर (एकत्रित गरेर) उनको चरणहरूमा लगाए पछि वहाँ तत्काल प्रकट हुनु हुनेछ। वहाँको विचार सबैले स्वीकार गरे। ब्रह्माले पनि समर्थन दिए। त्यस विधिले स्तुति हुने वित्तिकै आकाशवाणी भयो कि तिमीहरूको दु:ख म समाप्त गरिदिनेछु।

यी सबै प्रकरणमा देवताहरूले के निर्णय दिए र कस्तो खाले सहायता गरे? जसलाई यतिसम्म पनि ज्ञान छैन कि भगवान्को चिन्तन कसरी गर्नु पर्दछ, उनीहरूले तपाईंहरूलाई कसरी बाटो देखाउन सक्लान्? परमकल्याणको बाटो जसलाई थाहा नै छैन भने उसले के कल्याण गर्न सक्लान्?

दोष कसको? तापनि हामी त्यसकै पछि लागिरहेको छौं। कत्रो ठूलो जड़ता छ। यो जड़ताको स्रोत के हो? यसमा कसको दोष छ? के हाम्रो दोष हो? हैन, हाम्रो पनि कुनै दोष छैन। यी हामीलाई परम्पराबाट प्राप्त भएका रीति हुन्। केटाकेटीहरूले बालकाल देखि नै आमाहरूले, छर–छिमेकीले, भाई–बन्धुहरूले केही न केही पूजापाठ गरिरहेका देख्दछन्। तिनीले त्यही समाती हाल्छ। बालकाल देखि नै हाम्रो मन–मस्तिष्कमा त्यो पूजा–पद्धतिको अमिट छाप पर्दछ; त्यसैले लाखौं चोटि सम्झाउँदा–बुझाउँदा पनि हामी बुझ्न सक्दैनौं। बुझ्न चाहँदैनौं। धेरै जसो आमाहरूले अबोध बच्चाहरूलाई धूप–अगरबत्ति इत्यादि बालेर कहिले पीपलको मूनि, कहिले कतै बसाई दिन्छिन्। भन्छिन्– ''हात जोड़! यी बरम बाबा हुन्, यी ग्राम–देवी हुन्। यिनलाई यसरी प्रणाम गर।'' बालकको कोमल–निर्मल चित्तमा आरम्भिक वर्षहरूका ती संस्कारहरू जीवनभरी उसको मनबाट हट्दैन। जो बच्चा बालकालमा भयभीत हुन्छ, ऊ जीवनभरी नै रहन्छ। एकान्तमा, अंध्यारोमा जानलाई डराउँछ। पता हल्लिँदा पनि भयभीत हुने गर्दछ। दस–पन्द्र देवी–देवता त उसलाई बालकाल देखि नै समात्न लगाइन्छ। समय आएपछि केही गरी उसले छोड़ी दिए पनि केही न केही शंकालु भई नै रहन्छ। माता–पिताहरूसँग मेरो निवेदन छ कि उनीहरूले आफ्नो बच्चाको भविष्य अन्धकारमय न बनाउन्।

## ( ट )

ठीक यसै प्रकार माता सीताजीलाई पनि देवी–देवताहरूको पूजा परम्पराबाट प्राप्त भएको थियो– **'गिरिजा पूजन जननि पठाई।' ( १/२२७/२ )** सीता त्यहाँ आउने–जाने गर्दथिन्। स्वयंवरको आयोजन भइरहेको थियो। एक दिन सीताजी गिरिजाको पूजा गरेर फर्किरहेकी थिइन्, त्यसै बगैचामा राम दृष्टिमा परे। पूजा गरेर फर्किरहेकी थिइन्, तर फेरि गिरिजा कहाँ गइन्, हात जोड़ेर भन्न थालिन्, ''आमा, आजसम्म जुन मैले तपाईंको सेवा गरे, त्यसबाट प्रसन्न भएर त्यही साँवला पति दिने कृपा गर्नुहोस्।''

पार्वतीजीले आफूले कुनै आशीर्वाद दिइनन्। आवाज आयो, **'नारद बचन सदा सुचि साचा। सो बरु मिलिहि जाहिं मनु राचा।।' ( १/१३५/८ )**– देवर्षि नारद, जो गुरु थिए, उनको वचन सत्य छ, निर्दोष छ। त्यही पति तिमीले पाउछौ, जसमा तिम्रो मन रमेको छ। देवर्षि नारदले जुन कुरा पहिले सीतालाई भनेका थिए, पार्वतीले त्यसको स्मृति मात्र गरादिइन्। सीता आश्वस्त भइन्।

धनुष–यज्ञको ठाउँमा पुगेर सीताले जब त्यो विशाल धनुषमाथी दृष्टिपात गरिन्, जसलाई तोड्न दसहजार राजा असफल भएका थिए, तब उनी हताश हुन थालिन् कि यी सुकुमारले यसलाई कसरी तोड्न सक्लान्? देवी–देवताहरूलाई मनाउन लागिन्–

**तब रामहि बिलोकि बैदेही। सभय हृदयँ बिनवति जेहि तेही।। ( १/२५६/४ )**

जस–जसको सम्झना आयो, सानो देखि ठूलोसम्म सबैलाई प्रार्थना गर्न थालिन्। जस्तै– **'होहु प्रसन्न महेस भवानी।' ( १/२५६/५ )**– शंकरजीलाई मनाउन थालिन्, उनलाई छोड़ेर भवानीलाई मनाउन थालिन्, जो सँग वरदान माँगेकी थिइन्। त्यहाँ पनि स्थिर हुन सकिन्– **'गननायक बरदायक देवा। आजु लगें कीन्हिउँ तुअ सेवा।।' ( १/२५६/७ )**– आजसम्म तपाईंको पनि धेरै सेवा गरेकी छु। तपाईंले नै ध्यान दिनुस्। मेरो विनय सुन्नुस् र चापलाई हलुको गरिदिनुस्। उनलाई पनि छोड़ि दिइन्। **'सुर मनाव धरि धीर' ( १/२५७ )**– देवताहरूलाई मनाउन थालिन्। धनुष समेतलाई पनि प्रार्थना गर्न थालिन् कि कसैले पनि सुनि रहेका छैनन्, अब त चाप तपाईंको मात्रै भरोसा छ। तपाईं आफै हलुका हुनुहोस्, तर अहिले देखि नै हलुका न हुनु होला किनभने अरू कसैले तोड़ी देला। राम आइरहेको देखेपछि मात्र हलुका हुनुहोला।

कतैबाट पनि सफलता हुने न देखेर सीताजीले सबै देवी–देवताहरूबाट चित्त हटाएर एक परमात्मामा श्रद्धा स्थिर गरिन्। त्यो परमात्मामा, जो सबैको हृदयमा रहन्छ–

**तन मन बचन मोर पनु साँचा। रघुपति पद सरोज चितु राचा।।**
**तौ भगवान सकल उरबासी। करिहि मोहि रघुबर कै दासी।।**

**( मानस, १/२५८/४-५ )**

यदि मन–क्रम–वचनले मेरो प्रेम सच्चा छ र रामको चरण–कमलहरूमा निवास गर्दछ भने त्यही भगवान्ले मलाई रामको दासी बनाई दिउन्। हृदयस्थ एक परमात्मामा श्रद्धा स्थिर हुने वित्तिकै **'कृपा निधान राम सबु जाना।' ( १/२५८/७ )–** ती अन्तर्यामीले बुझी हाले कि अब ठीक ठाउँमा पूजा गरी रहेकी छिन्। त्यसपछि सीतालाई कुनै देवी–देवताकहाँ जानु परेन– **'तेहि छन राम मध्य धनु तोरा।' ( १/२६०/८ )** रामले धनुष तोड़े। सीताले सफलता पाइन्। अत: हामीहरूले जुन विविध पूजाहरू गर्दछौं, त्यो परम्परामा पाएका छौं, तर सफलता तब मात्र पाइनेछ जब एक परमात्मामा श्रद्धा स्थिर हुनेछ।

**( ठ )**

ठीक यस्तै प्रकारको पूजा माता कौशल्याले गरेकी थिइन्। रामको राज्याभिषेक सुनेर उनी आनन्दमग्न भइन्, पूजा–घरमा गइन्। **'पूजीं ग्रामदेबि सुर नागा। कहेउ बहोरि देन बलि भागा।।' ( २/७/५ )** उनले ग्राम–देवीहरू, देवताहरू र नागहरूको विशाल आयोजन (वैभव)को साथ पूजन गरिन् र आफ्नो कार्य सिद्ध भएपछि सबैलाई बलि–भोग चढ़ाउने भाकल गरिन्।

त्यसबेलासम्म देवताहरूलाई राज्याभिषेकको सूचना थिएन, तर ग्रामदेवीहरूले कौशल्या द्वारा त्यो खबर थाहा पाएपछि उनीहरूले देवताहरूलाई र देवताहरूले इन्द्रलाई सूचना दिए। उनीहरू तत्काल सरस्वती कहाँ गए–

**सारद बोलि बिनय सुर करहीं। बारहिं बार पायँ लै परहीं।।**
**बिपति हमारि बिलोकि बड़ि, मातु करिअ सोइ आजु।**
**रामु जाहिं बन राजु तजि, होइ सकल सुरकाजु।। ( २/११ )**

हे माता! हामीमाथी ठूलो विपत्ति आएको छ। तपाईंले यस्तो केही गर्नु पर्‍यो जसले गर्दा राम वन जाउन् र देवताहरूको काम पूर्ण होस्। कौशल्याले आफ्नो कार्य पूर्ण होस् भनेर प्रार्थना दिएकी थिइन्, तर देवताहरूले भने कि माता हामी देवताहरूले कार्य पूर्ण होस्। उनीहरूलाई कर्मको भरमा छोड़ि दिनुहोस्। तपाईं देवताहरूको हित हेर्नुहोस्।

सरस्वतीले भनिन्, ''कुनै शुभ कार्यमा विघ्न पार्न तिमीहरूलाई लाज लाग्दैन। राम वन गयो भने उनलाई कति कष्ट होला, अवध अनाथ हुनेछ। मान्छेहरूले मलाई के भन्लान्?'' देवताहरूले विनय गरिनै रहे– **'जीव करम बस सुख दुख भागी। जाइअ अवध देव हित लागी।।' ( २/११/४ )** अयोध्यावासीहरूको चिन्ता तपाईं किन गर्नुहुन्छ; उनीहरू त जीव हुन्। कर्म अनुसार सुख–दुःख भोगी नै रहन्छन्, उनीहरूलाई भोग्न दिनुस् र देवताहरूको हितको लागि, कौशल्याको हितको लागि होइन, कौशलपुर जानुस्। जबकि कौशल्याले तिनै देवताहरूको पूजा गरेकी थिइन्। यस्ता देवताहरूबाट तपाईंले कुन आशा राख्नु भएको छ? तपाईंहरूले त्यसको पूजा किन गर्नु हुनन्, जसको लागि गोस्वामीजी जोर दिनुभएको छ। जसको नाम **'मेटत कठिन कुअंक भाल के'**– जसको आराधनाले कर्मको बन्धन कटेर जान्छ।

सरस्वतीले हच्किएको देखेर देवताहरू पटक–पटक उनको चरणहरूमा परेर निवेदन गर्न थाले– **'बार बार गहि चरन संकोची। चली बिचारि बिबुध मति पोची।।' ( २/११/५ )** विचरी संकोचमा परिन्। बाटोभरि विचार गरि रहिन् कि देवताहरूको बुद्धि कति खोटले भरिएको छ– **'ऊँच निवासु नीच करतूती। देखि न सकहिं पराइ बिभूति।।' ( २/११/६ )**– यिनीहरूको निवास धेरै अग्लो छ तर करनी (कर्म) धेरै खोट छ। यिनीहरूले कसैको पनि प्रगति देख्न सक्दैनन्। जसमा यति डाह छ, जलन छ, के यिनीहरू नै तपाईंहरूका आदर्श हुन्?

**हरषि हृदयँ दसरथ पुर आई। जनु ग्रह दसा दुसह दुखदाई।। ( २/११/८ )**

देवताहरू कि माता सरस्वती अयोध्यामा आई रहेकी थिइन्। कति सौभाग्य थियो अवधवासिहरूको। तर गोस्वामीजी भन्नुहुन्छ, होइन, **'जनु ग्रह दसा दुसह दुखदाई।'**– विपत्तिको पहाड़ नै खनिए जस्तो भयो। भनिन्छ कि शनि सबैभन्दा दुष्ट ग्रह हो, जसले साढे सात वर्षसम्म कष्ट दिन्छ। तर सरस्वतीले त चौध वर्षको दुर्दशा लिएर आइन्। राम कल्याणस्वरूप थिए, उनको के कल्याण गर्थिन्? उनी त देवताहरूको पनि कल्याण गर्न आउनु भएका थिए। पूजा गरेकी थिइन् कौशल्याले, उनले के पाइन्? जीवनभरिको विधवापन र दुःख।

**नामु मन्थरा मन्दमति, चेरी कैकइ केरि।**
**अजस पेटारी ताहि करि, गई गिरा मति फेरि।। ( मानस, २/१२ )**

मन्थरा नाम गरेकी एउटी मन्दबुद्धि भएकी दासी थिइन्, उसको मस्तिष्कमा प्रवेश गरी उसको बुद्धिलाई विकृत गरेर सरस्वती गइन्। तपाईंले ध्यान दिनुहोला कि

बुद्धिमान र विवेकी व्यक्तिहरूमाथी यी देवी–देवताहरूको प्रभाव पर्दैन। मात्र मन्दबुद्धि भएकाहरू नै देवी–देवताहरूबाट प्रभावित हुन्छन्।

देवी–देवताहरूको यस्तै चरित्र त्यो बेला पनि देख्न सकिन्छ जब भरतजी श्रीरामलाई लिन चित्रकूट जान्छ। देवताहरूले प्रयास गर्दछन् कि राम र भरतको मिलन नै नहोस्। उनीहरूको कुत्सित चरित्रको पराकाष्ठा भरत–राम सम्वादको अवसरमा देखेर मानसकारले भन्दछ– **'मधवा महा मलीन, मुए मारि मंगल चहत।' ( २/३०१ )**– इन्द्र कति मैलो छ कि पहिले देखि नै दुःखी अयोध्या र जनकपुर निवासिहरूलाई अरू पनि कष्ट दिइरहेको छ, मानौं मरीसकेको लाई मारेर आफ्नो मंगल चाहन्छ।

**कपट कुचालि सींव सुरराजू। पर अकाज प्रिय आपन काजू॥**
**काक समान पाक रिपु रीती। छली मलीन कतहुँ न प्रतीती॥**
**( मानस, २/३०१/१-२ )**

देवराज इन्द्र कपट र खराब आचरणका सीमा हुन्। उसलाई अर्काको हानि र आफ्नो लाभ नै प्रिय छ। यस्ता देवताहरूबाट तपाईं लाभको आशा गर्नु हुन्छ? त्यो सभामा पनि देवताहरूले नराम्रो विचार, कपट, भय र उच्चाटनको प्रवेश गराए। त्यही उनीहरूको देवमाया हो। तपाईंहरूले यही गुण उनीहरूबाट सिक्न सक्नु हुन्छ। यो देवमायाको शिकार को–को भए?–

**भरत जनकु मुनिजन सहित, साधु सचेत बिहाइ।**
**लागि देवमाया सबहि, यथा जोगु जनु पाइ॥ ( २/३०२ )**

भरतजी, जनक, मुनिहरू, मन्त्रीहरू, साधु–सन्त र बुद्धिमान यति व्यक्तिहरू छोड़ेर अरू सबै माथी, जसको जति बुद्धिको स्तर थियो, त्यसमाथी त्यति नै देवमायाको प्रभाव पर्‍यो। स्पष्ट छ कि मात्र मन्दबुद्धिहरूमाथी नै देवताहरूको प्रभावले असर पार्दछ।

सरस्वती मन्थरा कहाँ आएर मन्थराले के पाइन्? सरस्वतीको कृपाले नै मन्थराको बुद्धि विकृत भयो। उसले चाहिदो–नचाहिदो सोच्न थालिन्। षड्यन्त्रको सूत्रधार उसले बन्नु पर्‍यो र अन्तमा लात खानु पर्‍यो–

**कूबर टूटेउ फूट कपारू। दलित दसन मुख रुधिर प्रचारू॥ ( २/१६२/५ )**

उसको कुप्रो भाँच्चियो, निधार फुट्यो, दाँत झर्‍यो, मुखबाट रगत बग्न थाल्यो। यति हुँदा पनि उसको दुर्दशाको अन्त भएन, उसको कपाल समातेर लछार–पछार गरियो। जसको घाँटीमा देवताहरूको माता सरस्वती बसेकी थिइन् उसको सम्मान बढ्नु

पर्ने थियो, तर ऊ यति अभागी भई कि यो घटनापछि सम्पूर्ण रामायणमा उसको नामसम्म पनि कतै आएन र आजसम्म कसैले पनि आफ्नो छोरीको नाम मन्थरा राख्ने साहस गर्न सकेको छैन। मन्थरा त एउटा प्रतीक हो। ती मन्दबुद्धि भएकाहरूको प्रतिनिधि हो जसले देवी–देवताहरूको पूजा गर्दै आएका छन्। यसको परिणाम चित्रित गरेर गोस्वामीजीले तपाईंहरूलाई कस्तो सन्देश दिइरहनु भएको छ? के तपाईंहरूले कहिल्यै विचार गर्नुभएको छ कि पूजनीय को छ?

**( ड )**

श्रीरामचरित मानसमा सरस्वतीको प्रयोग तीनवटा अवसरहरूमा देखाइएको छ। एउटा त यही मन्थरा प्रसंगमा; दोस्रो अवसर तब आयो जब देवताहरूले भरतको बुद्धि विकृत पार्नको लागि प्रार्थना गरे, जसले गर्दा देवताहरूको परिवार सुखी रह्न सकुन्। तर सरस्वती रिसाइन कि हजारवटा आँखा भएर पनि तिमीले सुमेरु पर्वत देख्न सक्दैन? कस्तो सुमेरु थियो भरत भित्र? '**भरत हृदयँ सियराम निवासू। तहँ कि तिमिर जहँ तरनि प्रकासू।।' ( २/२९४/७ )** के त्यहाँ कहिले पनि अन्धकार हुन्छ जहाँ सूर्यको प्रकाश राम्ररी पर्दछ? त्यसो भए भरतमा कस्तो प्रकाश छ? भरतको हृदयमा राम र सीताको निवास नै प्रकाश हो। त्यहाँ मेरो कपट र चतुराई चल्न सक्दैन। को छ अन्धकार? देवता! प्रकाश के हो? एक परमात्मा! यस स्थलबाट अर्को कुरा यो पनि स्पष्ट हुन्छ– जसको हृदयमा भगवान्को निवास हुन्छ, देवताले उसको केही बिगार्न सक्दैन। अतः मन–क्रम–वचनले तपाईं एक परमात्माप्रति समर्पित हुनु होस्। यदि तपाईंले वहाँलाई हृदयबाट देख्नु हुन्छ भने हृदयको स्वामीले पनि तपाईंलाई हेर्नु हुनेछ, तपाईंको रक्षाको जिम्मेवारी आफ्नो हातमा लिनु हुन्छ।

तेस्रो अवसरमा हामीले सरस्वतीलाई कुम्भकर्णको नजिक गएको देख्छौं। उसको तपस्याबाट सन्तुष्ट भएर ब्रह्मा वर दिन पुगे। ब्रह्माले विचार गरे कि यो दुष्टले केही पनि नगरीकन, बसेर भोजन मात्र गरी रह्यो भने यो संसार नै समाप्त हुनेछ, अतः **'सारद प्रेरि तासु मति फेरी। मागेसि नींद मास षट केरी।।' ( १/१७६/८ )** सरस्वतीलाई बोलाए, उसको बुद्धि विकृत गराई दिए र छः महिनाको निद्रा माग्न पुग्यो। कुम्भकर्णमा सरस्वतीको प्रवेश उसको मृत्युको कारण बन्यो। देवताहरूको पूजाले कस्तो र कसको कल्याण भएको छ?

**( ढ )**

वर्तमान समयमा सबै देवताहरूमध्ये तीन देवताहरू बढी श्रेष्ठ मानिन्छन्– ब्रह्मा, विष्णु र महेश। महाराज मनु घर–द्वार छोड़ेर तपस्या गर्न नैमिषारण्य पुगे र चिन्तनमा

लागे। उनको लक्ष्य के थियो? उनी कसको उपासक थिए? उनी मन-मनै विचार गरिरहेका थिए- **'संभु बिरंचि बिष्नु भगवाना। उपजहि जासु अंस तें नाना॥' ( १/१४३/६ )** यस्तो भगवान् जसको अंशमात्रले अनेकौं ब्रह्मा, विष्णु र शंकर उत्पन्न हुन्छन्, **'ऐसेउ प्रभु सेवक बस अहई।' ( २/१४३/७ )** यस्तो भगवान् पनि सेवकको वशमा हुन्छ, सेवकको लागि उपलब्ध रहन्छ भने म वहाँकै भजन गर्नेछु। वहाँले मेरो अभिलाषा पूरा गर्नु हुनेछ। मनु चिन्तनमा लागि हाले। साधनमा केही वेग आयो, साधना केही सुदृढ़ हुन थाल्यो, तब देवताहरू आउन थाले-

**बिधि हरि हर तप देखि अपारा। मनु समीप आये बहुबारा॥**
**माँगहु बर बहु भाँति लोभाए। परमधीर नहिं चलहिं चलाए॥**
**( मानस, १/१४४/२-३ )**

ब्रह्मा, विष्णु र महेश सबै जना पुगे। मनुलाई पहिले देखि नै थाहा न भएको भए उनी विचलित हुने थिए। वहाँलाई ज्ञान थियो कि यस्ता अनेकौं ब्रह्मा, विष्णु र शंकर त्यो भगवान्‌को अंश मात्र हुन्। त्यसैले मनुले उनीहरूतिर ध्यान नै दिएन। यो पनि भनेन कि देव! मेरो अहोभाग्य कि तपाईंहरूले दर्शन दिनुभयो। तर यी देवताहरू पनि यति निर्लज्ज थिए कि आफ्नो स्वाभिमान गुमाएर मनुकहाँ पटक-पटक पुगी रहे। यस्तो लाग्दछ कि विघ्न पार्नु नै उनीहरूको उद्देश्य थियो। उनीहरू मनुको कल्याण गर्न गएका थिएन, केही दिन लागेका थिएन; प्रलोभन दिइरहेका थिए- **'बहु भाँति लोभाए।'** लोभ पनि मोहको एउटा प्रबलधारा नै हो- **'काम क्रोध लोभादि मद, प्रबल मोह के धारि।'** मोहको नै सेना हो, त्यसैले मनुले उतातिर ध्यान दिएन। चिन्तनमा लागि नै रहे। **'अस्थिमात्र होइ रहे सरीरा। तदपि मनाग मनहिं नहिं पीरा॥' ( १/१४४/४ )** हड्डीहरूको कंकाल मात्र रह्यो, तापनि मनमा अलिकति पनि पीड़ा थिएन। उनी प्रसन्न थिए, उनको लगन लागिरहेको थियो र चिन्तन सन्तोषजनकरूपले चलिरहेको थियो।

भगवान्‌ले देख्नुभयो कि यो मन-क्रम-वचनले मेरो आश्रित छ, यसको मन एकत्रित भैसकेको छ, तब वहाँले आकाशवाणी दिनुभयो कि वर माग, वर माग्नको लागि भन्दा, मनुले मागे-

**जो सरूप बस सिव मन माहीं। जेहि कारन मुनि जतन कराहीं॥**
**जो भुसुण्डि मन मानस हंसा। अगुन सगुन जेहि निगम प्रसंसा॥**
**देखहिं हम सो रूप भरि लोचन। कृपा करहु प्रनतारति मोचन॥**
**( मानस, १/१४५/४-६ )**

मनु शंकरजीको दर्शनबाट सन्तुष्ट थिएन। उनी पटक-पटक आए, तर उनीसँग केही पनि मागेन। यद्यपि भगवान् शिवजी तत्त्वमा स्थित, तत्त्वस्वरूप महापुरुष थिए, पूर्ण प्राप्तिवाला थिए; तर उनको दर्शन मात्र गरेर बस्नु, त्यो बाटोमा न हिड़नु ठीक होइन। शंकरजीको हृदयमा जुन अनुभूति छ, त्यसलाई आफैं लागेर प्राप्त गर्नु मनुको लक्ष्य थियो। मनुले जानेका थिए कि आचरण गरेर मात्रै पाउने विधान छ। कुनै पहलवानलाई मात्र हात जोड़नाले पहलवान बन्न सक्दैन। चिकित्सकको दर्शन मात्रले रोग-निवृत्ति हुन सक्दैन।

महात्मा बुद्धले पनि आफ्नो शिष्यहरूसंग भन्ने गर्नुहुन्थ्यो कि मैले जुन उपदेश दिएको छु, यदि तपाईंहरू त्यसमा चल्नु हुन्छ भने टाढ़ा रहेर पनि मेरो नजिक नै हुन्छौं र यदि आचरणमा ढाल्दैन भने मेरो नजिक रहेर, दर्शन गरेर पनि कुनै लाभ हुँदैन, नजिक रहेर पनि धेरै टाढ़ा हुनेछौं। त्यसैले आचरण गर।

मनुलाई थाहा थियो कि भगवान् शंकर सही छन्, तापनि उनीसंग केही मागेन; तर जब भगवान्ले आकाशवाणी दिनुभयो, तब त्यही मागे जुन शंकरको हृदयमा थियो। **'जेहि कारन मुनि जतन कराहीं।'-** जसको लागि मुनिहरूले यत्न गर्दछन्। आजकल कुनै मुनिमाथि विन्ध्यवासिनी आउँछिन्, त कुनै माथि हनुमान जी, कोही भन्छ यक्षिणी सिद्ध गरिरहेको छु- यी सबै मुनि होइनन्। यस्तो मुनि अझै मुनि नै होइन जसले त्यो परमतत्त्व परमात्माको लागि यत्न गर्दैन, अहिलेसम्म त्यसले बाटो विराएको छ, प्रत्याशी छ।

मनुको कामनाबाट भगवान् प्रकट भए- **'बिस्वबास प्रगटे भगवाना।' ( मानस, १/१४५/८ )** कुन भगवान्? **'हरि ब्यापक सर्बत्र समाना।'-** जस्तो कि शिवले भनेका थिए। **'जेहिं जाने जग जाइ हेराई।'** मनुले देखे, जहाँ विश्व थियो, त्यहाँ सबै ठाउँमा भगवान्को वास देखा पऱ्यो। जता पनि दृष्टि पऱ्यो, ढुङ्गा-पानीमा- सबैमा ती प्रभुको स्वरूप फिजियो। आफू पनि हरायो, विश्व पनि हरायो, मनुको जीव-संस्कार हरायो। जहाँ पहिले विश्व देखिन्थ्यो, त्यहाँ भगवान् सर्वत्र देखिन् थाले।

**'ॐ ईशावास्यमिदं सर्वं यत्किञ्च जगत्यां जगत्।'-** यो अवस्थालाई जुन-जुन महापुरुषहरूले पाए, सबैले यही निर्णयलाई दोहऱ्याए कि जे-जसो देखिन्छ-सुनिन्छ सर्वत्र ईश्वरको वास छ, तापनि हामीहरूले देख्दैनौं। कारण के हो? **'जेहि जाने जग जाइ हेराई। जागे यथा स्वपन भ्रम जाई।।'**, **'अस प्रभु अछत हृदय अविकारी।'** त्यो राम मात्र भक्तको हृदयका वस्तु हुन्, बाहिरको होइन। तपाईंहरूको हृदयमा पनि राम छ, तर प्रसुप्त छ। उनलाई जान्नको लागि एक परमात्मामा श्रद्धा, त्यो

परमात्मालाई तपाईंको हृदयबाट जागृत गराई दिने महापुरुषको सान्निध्य अपेक्षित हुन्छ। बाहिर न कुनै देवी छ न देवता। बाहिरका वस्तुहरू पूजी रह्यो भने कल्याण कहिले पनि हुँदैन र वस्तु पनि कहिल्यै पाउने छैनौ– रामायणको यस्तै निर्णय छ।

**( ण )**

करोड़ौं–करोड़ौं देवी–देवताहरू त्यो परमतत्त्व परमात्माका अंश मात्रै हुन्। कागभुशुण्डिजी भन्नुहुन्छ– **'राम काम सतकोटि सुभग तन। दुर्गा कोटि अमित अरि मर्दन।।' ( ७/९०/७ )** भगवान् अरबौं कामदेवको समान सुन्दर छ। करोड़ौं–करोड़ौं दुर्गा समान शत्रुको नाश गर्नमा सक्षम छन्। **'सारद कोटि अमित चतुराई।'–** अनन्त कोटि सरस्वतिहरू समान उनी चतुर छन्। **'बिधि सतकोटि सृष्टि निपुनाई।।' ( ७/९१/५ )**– अरबौं ब्रह्मा समान सृष्टिरचनामा निपुण छ। **'विष्नु कोटिसम पालनकर्ता। रुद्र कोटिसत सम संहर्ता।।' ( ७/९१/६ )** पालन गर्नमा करोड़ौं विष्णु समान र संहारमा अरबौं रुद्र समान छ। करोड़ौं इन्द्र समान उनको ऐश्वर्य छ, अरबौं कुबेर समान धनवान छ र अरबौं कामधेनुहरू समान इच्छित पदार्थहरू दिनमा सक्षम छ। करोड़ौं–करोड़ौं सूर्य पनि जसको अगाड़ि जुनकिरा जस्तो छ, तापनि हामी पूजा सूर्यको नै गर्दछौं, प्रभुको होइन। तपाईं त्यो मूललाई किन समाउनु हुनन्, जसका यी सबै नगण्य अंश मात्र हुन्। **'तुलसी मूलहि सेइये फुलइ फलइ अघाइ।'** मूलको सेवा गर्नुभयो भने फल–रुख–पात–फूल–हाङ्गा–विङ्गा सबै तपाईंको हुन्छ र पात–पातमा दौड़िनु भयो भने रुखलाई (मूल परमात्मालाई) पनि गुमाउनु हुनेछ। देवताहरूमा, ढुङ्गामा, पानीमा, पशु र चराहरूमा कल्याणको नाममा आफ्नो अमुल्य समय नष्ट न गर्नुस्। कसैमाथि उपकार होइन, स्वयं आफ्नो उद्धार गर्नुस्।

**( त )**

देवी–देवताहरूको त होइन, हो, शंकरजीको पूजा भरतजीले आरम्भमा गर्ने गर्दथे। रामको राज्याभिषेक सम्बन्धमा जब अयोध्यामा षड्यन्त्र प्रारम्भ भयो, त्यसबेला भरतजी मावलीमा थिए। रातमा उनले भयंकर सपना देख्न थाले। मन दुश्चिन्ताहरूले भरिएको थियो। त्यसको शान्तिको लागि **'बिप्र जेवाँइ देहिं दिन दाना। सिव अभिषेक करहिं बिधि नाना।।' ( मानस, २/१५६/७ )**– भरतजीले ब्राह्मण भोजन गराउने गर्दथे, दान दिने गर्दथे, अनेक प्रकारले शंकरको अभिषेक गर्ने गर्दथे। **'माँगहि हृदयँ महेस मनाई। कुसल मातु पितु परिजन भाई।।' ( २/१५६/८ )**– हृदयमा शंकरजीलाई राम्ररी मनाएर माग्नु हुन्थ्यो कि माता कुशलसाथ रहुन्, पिता कुशलसाथ रहुन्, भाई र परिजन सबै सकुशल रहुन्।

पायो के? पिताजी स्वर्गलोक गए, माता विधवा भइन्, भाई वन गए र सात दिनपछि जबसम्म भरत अयोध्या पुगेन, कसैको घरको चुल्होमा आगो बलेको थिएन। त्यसो भए के भगवान् शिवको पूजा पनि गलत हो? होइन, **'सिव सेवा कर फल सुत सोई। अबिरल भगति राम पद होई॥' ( मानस, ७/१०५/२ )**- आदिगुरु भगवान् शिवको सेवाको एकमात्र फल यही हो कि रामको चरण-कमलमा अविरल भक्ति जागृत भैजाओस्। भगवान् शिव आफ्नो भक्तिले त्यति सन्तुष्ट हुँदैन, उनी जब पनि सन्तुष्ट हुन्छन्, रामको भक्तिले मात्र संतुष्ट हुन्छन्। सानो-तिनो याचनाहरूमाथि ध्यान नदिएर उनलाई भगवान् रामको अनन्य भक्त बनाई दिए। भगवान् शंकरको जुन कर्तव्य थियो, त्यसको उनले निर्वाह गरेर देखाए। यसपछि भरतजीले जीवनभरि रामको अविरल भक्तिमा समय दिए, शिवमा होइन।

यस्तै उदाहरण कागभुशुण्डिजीको पनि छ। आफ्नो अघिल्लो जन्ममा उनी भगवान् शिवका अनन्य सेवक थिए, अरू सबैको विरोधी थिए। उनका गुरु दयालु थिए, नीति-निपुण थिए। भनि रहने गर्दथे कि शिवको सेवाको फल भगवान् रामको चरणहरूको भक्ति हो। उनको यस्तो उपदेश कागभुशुण्डिजीलाई राम्रो लाग्दैनथ्यो। उनले त्यो गुरुदेवको अपमान गर्न थाले।

एक दिन कागभुशुण्डिजी शिवको मन्दिरमा बसेर शंकरजीको नाम जपि रहेका थिए। गुरुदेव आए, तर कागभुशुण्डिजीले उठेर प्रणाम गरेन। गुरुदेव त कोमल-शील स्वभावका थिए, तर गुरुको अपमान स्वयं शंकरजीले पनि सहन गर्न सकेन। अजगर बन्न र एक हजार जन्म लिने र मर्ने श्राप पाए। जुन शंकरजीको उनले पक्ष लिने गर्दथे त्यही शिव रुष्ट हुन गए। गुरु महाराजलाई असाध्यै करुणा लाग्यो। भगवान् शिवसंग अनुग्रह गरे, प्रार्थना गरे। शंकरजी सन्तुष्ट भएर भने, जन्म त यसले लिनै पर्दछ, तर जन्म र मृत्युको असहनीय पीड़ा यसलाई हुने छैन। कुनै पनि जन्ममा यसको ज्ञान मेटिने छैन र अन्तमा यसले मानिस-शरीरमा रामको भक्ति प्राप्त गर्नेछ।

हुनत उनी शिवका भक्त थिए, तर शंकरजी प्रसन्न भएर के दिए? रामको भक्ति! अन्तिम जन्ममा उनको **'मन ते सकल बासना भागी। केवल राम चरन लय लागी॥' ( ७/१०९/६ )**- शिव-सेवाको फल हो **'अबिरल भगति राम पद होई।'** रामको चरणहरूमा लगन लाग्यो र त्यसपछि प्राप्तिभयो।

**( थ )**

भारतमा आज पनि शिव-पूजा प्रतिष्ठित छ। भगवान् शिवको मन्दिर धेरै छन्। यदि त्यहाँ यस्तो जानकारी दिइन्छ कि भगवान् शिवले कुन अभीष्ट प्राप्त गरेका थिए?

वहाँको विद्या के थियो? वहाँले कसरी तपस्या गर्नुभयो? वहाँले के अर्ती दिनुभयो? हामीले त्यसलाई कसरी प्राप्त गर्ने?– त्यसो छ भने त्यो मन्दिर सार्थक छ। यतिमात्र सिक्नको लागि तपाईं त्यहाँ जानुहुन्छ। जहाँ यो जानकारी दिने गरिदैन कि महापुरुषले त्यो सत्यलाई कसरी प्राप्त गरे? त्यहाँ गएमा तपाईंको क्षति हुनेछ, लाभ कहिल्यै पनि हुने छैन। मात्र चरणामृत बाँड्नेवाला मन्दिर केही पनि होइन, धोखा हो। भगवान् शिवको चरणमा जो गयो उसलाई वहाँले रामको चरणमा सुम्पि दिए (प्रीति दिए)। उनी सधैं राम–नाम जप्दथे।

**तुम्ह पुनि राम राम दिन राती। सादर जपहु अनंग आराती॥ ( १/१०७/७ )**
**कासीं मरत जन्तु अवलोकी। जासु नाम बल करउँ बिसोकी॥ ( १/११८/१ )**

काशीमा शंकरजीले आफ्नो पराक्रमले मुक्ति दिनु हुन्न्, बरू नामको बलले नै मोक्ष प्रदान गर्नुहुन्छ। एक परमात्माको चिन्तनमा नै शंकरजीले जोर दिए।

ठीक त्यस्तै प्रकार हनुमान एउटा सन्त थिए। उनको पनि जपको नाम राम थियो। **‘सुमिरि पवनसुत पावन नामू। अपने बस करि राखे रामू॥’ ( १/२५/६ )** पवनसुतले त्यो परम पवित्र रामको नामको जप गरेका थिए। हनुमान–हनुमान जप्नको लागि, हनुमानले कहिल्यै पनि भनेका छैन। वहाँको जीवनमा जति पनि अधिकारी भक्त भेटियो वहाँले तिनको हात समाएर रामको चरणहरूमा लोटाई दिए।

**हनूमान सम नहिं बड़भागी। नहिं कोउ राम चरन अनुरागी॥ ( ७/४९/८ )**

हनुमानको जस्तो भाग्यशाली कोही पनि थिएन। त्यसो भए भाग्यको स्रोत के हो? **‘नहिं कोउ राम चरन अनुरागी।’–** रामको चरणहरूको अनुराग नै भाग्यको जन्मदाता हो।

यी दुवै महापुरुषको कथाहरूबाट स्पष्ट हुन्छ कि देवताहरूमा केही महापुरुष पनि छन् जो तपाईं–हाम्रो पूर्वज रहेका छन्। तर करोड़ौं कल्पित देवताहरूको बिचमा वहाँहरूको संख्या एक प्रतिशत पनि छैन। वहाँहरूप्रति श्रद्धा अपेक्षित छ किनकी वहाँहरूले कुनै कालमा साधन गरेर परमात्मस्वरूपको स्थिति प्राप्त गरेका थिए। आफ्नो पुस्ताको लागि उनीहरू सद्‌गुरु थिए; तर आजको लागि उनीहरूको पूजाको विधान छैन र न उनीहरूको नाम जपको, तर यदि कसैले यस्तो गर्‍यो भने ती महापुरुषले एक परमात्मातिर तथा त्यो व्यक्तिको समकालीन सद्‌गुरुतिर उसलाई पठाई दिन्छन्। अत: तपाईं प्रारम्भदेखि नै एक परमात्माप्रति श्रद्धा स्थिर गर्नुस् जसले गर्दा तपाईंको समय नष्ट हुन न पाओस्, र वहाँहरूबाट प्रेरणा लिने गर्नुस्।

## ( द )

गोस्वामीजीले रामचरित मानसको रचना गरेपछि अन्तमा मानस रोग पनि बताए कि यसका विरोधी को हुन्, **'मोह सकल ब्याधिन्ह कर मूला।'** **( ७/१२०/२९ )**– मोह सम्पूर्ण रोगहरूको मूल हो। काम वात हो, कफ लोभ हो, क्रोध पित्त हो। काम–क्रोध र लोभ तीनवटै दाजु–भाईहरूले जब एउटै हृदयमा, एउटै ठाउँमा भेला हुन्छन् तब त्यो व्यक्ति सन्निपातको रोगी जस्तो हुन्छ। **'अहंकार अति दुखद डमरुआ।', 'तृस्ना उदर वृद्धि अति भारी।।'** यसप्रकारले पन्ध्र–पच्चीस रोगहरूको चित्रण गरेर अन्तमा भने, **'मानस रोग कछुक मैं गाये।'–** मैले केही मानस–रोगहरूको मात्र वर्णन गरेको छु। **'है सबके लखि विरलन्ह पाये।'–** हुन त सबै सँग छ तर कुनै विरलैले मात्र यसलाई चिन्यो। त्यसो भए यी रोगहरूबाट मुक्ति कसरी पाइने छ? यस सन्दर्भमा भन्नुहुन्छ–

**सद्‌गुर बैद बचन बिस्वासा। संजम यह न विषय कै आसा।।**
**रघुपति भगति संजीवन मूरी। अनूपान श्रद्धा मति पूरी।।**
**एहि बिधि भलेहिं सो रोग नसाहीं। नाहिं त जतन कोटि नहिं जाहीं।।**
**( मानस, ७/१२१/६–८ )**

सद्‌गुरु नै वैद्य हुन्, उनको वचनहरूमा पूरा श्रद्धा होस्। भगवान्‌को भक्ति, (देवी–देवताहरूको भक्ति होइन, मात्र भगवान्‌को भक्ति) यही संजीवनी जड़ी हो। अनुपानको लागि सद्‌गुरुमा पूरा श्रद्धा होस्। यो विधिद्वारा रोग नष्ट हुन सक्ला होइन भने करोडौं यत्न गर्दा पनि रोग निको हुनेवाला छैन। जुन प्रयासद्वारा रोग निको हुन सक्दैन त्यसलाई तपाईं किन गर्नुहुन्छ? त्यो प्रभुको भक्ति किन गर्नु हुन्न्, जसबाट यो मानस–रोग नष्ट हुन्छ?

## ( ध )

अहिलेसम्म तपाईंहरूले बुझिसक्नु भयो होला कि हाम्रो–तपाईंको इष्ट के हो? इष्ट त्यसलाई भनिन्छ जसले हामीलाई अनिष्टहरूबाट बचाउँछ। अनिष्ट भनिन्छ क्षतिलाई, नोक्सानलाई। दैनिक जीवनमा साना–तिना नोक्सान त भई नै रहन्छन्। कसैको टाउको दुखीरहेको छ, नोकरीमा बाधा आएको छ, कतै गाड़ी लड़ेको छ, इत्यादि परेशानिहरू त आई नै रहन्छन्। यसै प्रकार लाखौं कामनाहरू मानिसभित्र भरिरहेको हुन्छ। जसले यी सम्पूर्ण अनिष्टहरूबाट बचाउँछ, कामनाहरूको पूर्ति गरिदिन्छ उसको नाम हो इष्ट।

सब थोक सुरक्षित भएपछि र समृद्ध जीवन प्राप्त भएपछि पनि शरीर त क्षणभंगुर छ। आज छ भने भोलीको लागि कुनै ग्यारेण्टी दिन सकिदैन। यो नश्वर छ। योगेश्वर श्रीकृष्ण भन्नुहुन्छ– अर्जुन! यो आत्मा नै शाश्वत छ र शरीर नाशवान छ, **'अनित्यमसुखं लोकमिमं प्राप्य भजस्व माम्।' ( गीता, ९/३३ )** तब त तपाईंको वैभव–विलास यही नै छुट्ने छ। कालले जबरजस्ति घिसारेर लै जानेछ। के कुनै यस्तो उपाय पनि छ कि यस जन्म र मृत्युबाट पनि छुट्कारा पाउन सकियोस्? त्यो को हो जसले यस भयंकर अनिष्टबाट बचाएर हामीलाई शाश्वत स्वरूप प्रदान गर्न सक्दछ, अकाल स्थिति प्रदान गर्न सक्दछ, शाश्वतधाम प्रदान गर्न सक्दछ, सधैं रहने अक्षय शान्ति दिन सक्दछ। यस्तो गर्नमा यदि कोही सक्षम छ भने त्यो हो एकमात्र परमतत्त्व परमात्मा, शाश्वत ब्रह्म। उसको परिचायक नाम राम हो। उसैको जप गर्नुहोस्, ऊ नै इष्ट हो।

**( न )**

एक पटक भगवान् रामले सभा बोलाउनुभयो–

**एक बार रघुनाथ बोलाए। गुरु द्विज पुरवासी सब आए।।**
**बैठे गुर मुनि अरु द्विज सज्जन। बोले बचन भक्त भव भंजन।।**
**( मानस, ७/४२/१-२ )**

गुरु, मुनि, द्विज, सज्जन सबैजना बसेका थिए, तब भक्तहरूको जन्म–मरणको दु:ख मेटाउने श्रीरामले भन्नुभयो–

**बड़ें भाग मानुष तनु पावा। सुर दुर्लभ सबग्रन्थन्हि गावा।।**
**साधन धाम मोच्छ कर द्वारा। पाइ न जेहिं परलोक सँवारा।।**
**( मानस, ७/४२/७-८ )**

ठूलो भाग्यले मानिसको शरीर पाइएको छ। यो देवताहरूलाई पनि दुर्लभ छ। देवताहरूले राम्रो कर्मको फलस्वरूप भोगमात्र भोग्दछन्; तर स्वर्ग पनि थोरै दिनको लागि छ त्यसकारण देवताहरू पनि मानव–शरीरबाट आशावान् छन्। यो शरीर साधनको धाम हो, मुक्तिको ढोका हो। यसलाई पाएर जसले आफ्नो परलोक सुधार्दैन, उसले जन्म–जन्मान्तरसम्म दु:ख पाउँछ। टाउको ठोकी–ठोकी पछुताउने गर्छ। काल, कर्म र ईश्वरलाई व्यर्थमा दोष दिन्छ। वास्तवमा यदि मानिस–शरीर उपलब्ध छ र उसले परलोक सपार्नको लागि उद्योग गर्दैन भने न कालको दोष छ, न कर्मको दोष छ र न ईश्वरको। सबै दोष उसैको छ।

प्राय: दुई–तीन बहानाहरू मानिसहरूले गर्ने गर्छ कि मेरो त कर्ममा नै लेखिएको छैन– कर्मलाई दोष दिनु, समय अनुकूल छैन– काललाई दोष दिनु र कर्त्ता–धर्त्ता त भगवान् हुन्– ईश्वरलाई दोष दिनु। तर भगवान् रामले स्वयं भन्नुहुन्छ कि यदि मानव–शरीर उपलब्ध छ भने यीमध्ये कसैको पनि दोष छैन, दोष आफ्नो छ। अन्तमा भन्नुहुन्छ–

**नर तनु भव बारिधि कहुँ बेरो। सन्मुख मरुत अनुग्रह मेरो।।**
**करनधार सद्गुर दृढ़ नावा। दुर्लभ साज सुलभ करि पावा।।**
**जो न तरै भवसागर, नर समाज अस पाइ।**
**सो कृत निंदक मंदमति, आत्माहन गति जाइ।। ( ७/४४ )**

यो मानव–शरीर संसार–सागरबाट पार हुनको लागि एउटा जहाज हो। सद्गुरु माँझी हुन्। मेरो कृपा अनुकूल वायु हो। यस्तो दुर्लभ संयोग, व्यवस्था पाएर जो भवसागर पार हुँदैन ऊ आफ्नो पौरुषको निन्दक अकर्मण्य हो, मुर्ख हो र आफ्नो आत्माको हत्यारा हो।

तर पार हुनको लागि उपाय के हो? यस सन्दर्भमा भन्नुहुन्छ–

**जौं परलोक इहाँ सुख चहहू। सुनि मम बचन हृदयँ दृढ़ गहहू।।**
**सुलभ सुखद मारग यह भाई। भगति मोरि पुरान श्रुति गाई।।**
**( मानस, ७/४४/२-३ )**

यदि तपाईं परलोक चाहनु हुन्छ, परमश्रेय शाश्वतधाम चाहनु हुन्छ, अमृततत्त्व प्राप्त गर्न चाहनु हुन्छ अथवा यसै लोकमा आफ्नो कामनाहरूको पूर्ति चाहनु हुन्छ भने मेरो वचन सुन र दृढ़ताको साथ धारण गर। त्यसो भए त्यो के हो त? दुवैको लागि मात्र एउटै बाटो छ कि **'भगति मोरि'**– मेरो भक्ति गर। शेषनागको होइन, कुनै देवताको होइन, मेरो भक्ति गर। यही श्रुतिहरूले गाएको छ। अत: इष्ट को हो? एक परमतत्त्व परमात्मा। (यसबाहेक अनिष्टहरूबाट बचाउनेवाला कोही छँदै छैन। हाम्रो दरिद्रताको कारण यो छ कि हामीहरू त्यो प्रभुलाई मान्दैनौ।)

श्रीरामको नाम लिने वित्तिकै प्राय: सबै जना झस्किन्छन् कि कुन राम? मानसकारले रामको परिचय दिए, **'रामु ब्रह्म व्यापक अविनासी।'**– जो व्यापक छ, चिन्मय छ, कण–कणमा छ, अविनाशी छ, उसैको अर्को नाम हो राम। अत: इष्ट को हो? एक परमतत्त्व परमात्मा। जसले उनीमाथी निर्भर रहेर आफ्नो कार्यमा लागि रहन्छ, समृद्धिले अकारण नै उसलाई अपनाउँछ। उसले सुखी लामो जीवन प्राप्त गर्दछ। उसलाई स्नायुरोग हुने छैन। ऊ तनावमुक्त हुनजान्छ। तपाईं संसारमा अल्झिएको भएको

पनि परलोक र परमश्रेयको व्यवस्था तपाईंको लागि सुरक्षित छ। योगेश्वर श्रीकृष्णको भनाई छ– अर्जुन! यस निष्काम कर्ममा, त्यो परमात्मामा जो निष्ठाको साथ लागेको छ, अहिलेसम्म केही गरेको छैन मात्र लागेको छ, तब पनि अर्जुन! त्यो पुरुषको कहिल्यै विनाश हुँदैन। यस पथमा आरम्भको कहिल्यै पनि नाश हुँदैन। तपाईंले राम्ररी बीजारोपण गर्नुभयो भने यसले परमश्रेयसम्म पुऱ्याएर मात्र छोड्छ। कामनाहरूले बाधा मात्र पार्दछन्, सत्यको अनुष्ठानलाई नष्ट पार्न सक्दैन। अत: मानसको अनुसार एक परमतत्त्व परमात्मा नै इष्ट हुन्।

देवता र देवी– यी भ्रान्तिहरू हुन्। मानस अनुसार एउटा पनि ठाउँ यस्तो छैन, जहाँ यिनीहरूको पूजाको विधान छ र न त पूजनेहरूले नै सफलता पाएका छन्। तर दुर्भाग्यको कुरा यो छ कि यो हामीले पुस्तौं देखि नासोमा पाएका छौं र हामीले यसैको अन्धो अनुकरण गरिरहेको छौं। दु:ख लाग्दो कुरा छ कि विरक्त महात्माहरूले पनि त्यही पुस्तैनीमा पाएका रीति–रिवाजहरूको अन्धो अनुकरण गरीरहेका छन्। उनीहरू भन्ने गर्दछ कि रामकृष्ण परमहंसजीले कालीको पूजा गर्नुहुन्थ्यो, तर वहाँले त्यही पूजा आफ्नो अनन्य शिष्य विवेकानन्दलाई सिकाउनु भएन। विवेकानन्दजीको उपदेशमा तपाईं कतै पनि देवीको नाम पाउनु हुन्न्।

अयोध्यावासी पनि चित्रकूटमा यस्तै अन्धो अनुकरण गरेको देखिन्छ। जब उनीहरू श्रीरामलाई मनाउन गए तब 'गनप गौरी त्रिपुरारि तमारि'को पूजा गर्ने गर्दथे। तर श्रीरामको राज्याभिषेक र वहाँको सभापछि ती अयोध्यावासीहरूले आफ्ना बच्चाहरू समेतलाई शिक्षा दिन्छन्– **'भजहु प्रनत प्रतिपालक रामहि।' ( ७/२९/२ )** जसले प्रणतको परिपालन गर्दछ त्यस्तो श्रीरामलाई भज। जसरी परेलाले आँखाको नानीलाई रक्षा गर्दछ त्यसै गरी श्रीरामलाई तिमी भज। स्वयं उनीद्वारा देवताहरूलाई पूजने त प्रश्न नै उठ्दैन।

यसप्रकार तपाईंले देख्नुभयो कि गीता कै स्वरहरूमा, श्रीरामचरित मानसमा गोस्वामी तुलसीदासजीले आरम्भदेखि अन्तसम्म क्रम–क्रम गरी एक परमात्मामा नै जोर दिनुभयो र उत्तरकाण्डको अन्तमा त निर्णय नै दिनुभयो कि– **'सोइ कबि कोविद सोइ रनधीरा। जो छल छाड़ि भजइ रघुबीरा॥' ( ७/१२६/४ )** इत्यादि कैयौं चौपाईहरूमा प्रस्तुत छन् कि ऊ नै कवि हो, पण्डित हो, रणधीर हो जसको मन श्रीराममा अनुरक्त छ। त्यही कुल धर्मपरायण हो, नीति–निपुण र परम बुद्धिमान हो, दक्ष तथा सम्पूर्ण गुणहरूबाट युक्त हो, वेदको सिद्धान्त उसले राम्रो प्रकारले जानेको छ, जसको मन श्रीराममा अनुरक्त छ।

यति हुँदाहुँदै पनि, किन हो कुन्नि मानिसहरू श्रीरामको भजन गर्दैनन्? व्यासजीहरू (कथावाचकहरू) दिन–रात कथा त रामायणको भन्छन् तर आफू चाहिं भजनको समयमा चालीसा पढ्छन्, सप्तशतीको पाठ गर्दछन्। कम से कम यस रामायणको अर्तीमाथी ध्यान दिएर आचरण गर्नु पर्दछ। अहिलेसम्म गर्नुभएको छैन भने बुझ्नुस् र जनतालाई पनि बुझाउने प्रयास गर्नुस्। मानसको अन्तिम पंक्तिहरूसम्म गोस्वामीजीले तपाईंसंग यही आग्रह गरीरहनु भएको छ कि अरू कसैलाई होइन, **'रामहि सुमिरिअ गाइअ रामहि। संतत सुनिअ राम गुन ग्रामहि।।' (७/१२९/८)** श्रीरामको नै स्मरण गर्नुहोस्, वहाँ कै मनन गर्नुहोस् र वहाँ कै गुण–समूहहरूको श्रवण गर्नुहोस्।

**सुन्दर सुजान कृपा निधान अनाथ पर कर प्रीति जो।**
**सो एक राम अकाम हित निर्बानप्रद प्रभु आन को।। (७/१२९ छन्द)**

सुन्दर, सुजान, कृपानिधान र अनाथहरूलाई प्रेमगर्ने एकमात्र राम हुन्। वहाँ जस्तो नि:स्वार्थ हित गर्नेवाला र निर्वाण (मोक्ष) पनि दिनेवाला अर्को को छ?

स्वत:सिद्ध एक इष्टको ठाउँमा अनेकौं इष्ट बनाएर आज हामी सबै छरिएका छौं। शाश्वत एकमात्र सर्वव्याप्त परम ईश्वर परमात्मा हुन्। त्यसैले सम्पूर्ण विश्वको इष्ट एकमात्र परमात्मा हुन्। हामीमध्ये जो पनि नश्वरको पूजामा लागेका छन्, नास्तिक छन्। यी अस्तित्व नभएकाहरूको पूजा गर्नु–गराउनु, प्रोत्साहन दिनु नास्तिकतालाई बढ़ाउनु हो। ब्रह्मादेखि यावन्मात्र परिवर्तनशील जगत्‌को बिचमा एउटा परमात्मा नै अविनाशी अमृतस्वरूप हुन्। यसैकारण वहाँ नै सम्पूर्ण जगत्‌को पूज्य (इष्ट) हुन्। वहाँको आवश्यकता समाजमा सधैं छ र सबैको लागि छ। अत: सबै थोक गर्दा–गर्दै पनि यदि हामी एक परमात्मामा श्रद्धा र त्यो परमतत्त्व परमात्माको परिचायक दुई–अढाई अक्षरको नाम ॐ अथवा रामको सुमिरन गर्दछौं भने हामी आस्तिक छौं; किनकि हामीले अस्तित्वको पूजा गरिरहेका छौं। त्यो भजनको शुरुआत परमात्मामा श्रद्धा र उनको नामको जपबाट हुन्छ। हो, त्यसको प्राप्ति सद्‌गुरुद्वारा हुन्छ, जहाँ पुगेर यो क्रिया अनुभवगम्य र सूक्ष्म हुनजान्छ।

सृष्टिमा भगवान् एउटा मात्रै छ, दुई हुन सक्दैन, अनेक हुन सक्दैन। उनी कण–कणमा व्याप्त छन्। यदि अर्को भगवान् छ भने उनलाई व्याप्त हुनको लागि अर्को संसार चाहिन्छ। त्यो प्रभु बस्छ कहाँ– **'अस प्रभु हृदयँ अछत अबिकारी। सकल जीव जग दीन दुखारी।।' (१/२२/७)** प्रभु सबैको हृदयमा निवास गर्दछ तर देखिदैन। अब वहाँलाई देख्ने विधि बताउनु हुन्छ– **'नाम निरुपन नाम जतन तें। सोइ प्रगटत**

**जिमि मोल रतन तें।।' ( १/२२/८ )** पहिले नामको निरूपण गर्नुस् कि नाम कुन प्रकारले छ? त्यसलाई कसरी जप्ने? श्वासमा उठ्ने ध्वनि कसरी समात्न सकिन्छ? त्यसको प्रेरक को हुन्? बुझिसकेपछि त्यसको लागि अभ्यास गर। रगत-पसीना एक गरेर त्यो परमात्मालाई विदित गर, त्यो प्रकट हुनेछ। त्यो परमात्मा एउटा धाम हो र सद्गुरु नै वहाँमा प्रवेशको माध्यम हो। **'गुरु राखइ जो कोप विधाता। गुरु रुठे नहीं कोउ जग त्राता।।'** यदि भाग्य बिग्रेको भए पनि, घोर यातना लेखिएको भए पनि, सद्गुरुले रक्षा गर्न सक्नु हुन्छ र यदि सद्गुरु नै उपलब्ध छैन भने भगवान् नामको कुनै वस्तु चिनारीमा आउन सक्दैन। भगवान् हृदय-देशमा नै हुनुहुन्छ, तर यदि सद्गुरु छैन भने वहाँको चिनारी हुँदैन। यसै प्रकार जुन गुरुले एकमात्र परमात्माको उपलब्धिको क्रिया जान्दैन, जो सत्यमा प्रवेशवाला छैन, जसले त्यो क्रियालाई तपाईं-हाम्रो हृदय-देशमा जगाउनमा, अनुभवी जागृति दिनमा सक्षम छैन, त्यो सद्गुरु होइन, कुलगुरु हो। जबसम्म सद्गुरु उपलब्ध छैन, तबसम्म त्यो एक परमात्माको परिचायक दुई-अढाई अक्षरको नाम र एक परमतत्त्व परमात्मा प्रति श्रद्धा यदि तपाईंमा छ भने तपाईंको सुमिरन, भजन र इष्ट सही छ। यो श्रद्धा तपाईंको भावको एक परमात्मामा केन्द्रीयकरण, एक ठाउँमा स्थिरीकरण नै तपाईंको पुण्य र पुरुषार्थ बन्न जानेछ। यसको साथै त्यो आत्मा जागृत भएर जहाँ सद्गुरु हुनुहुन्छ, वहाँसंग भेट गराइदिन्छ र सद्गुरुसित भेट भएपछि यौगिक क्रियाको जागृति तपाईंको हृदय-देशमा हुनजानेछ। अनुभव, संकेत, इष्टको आदेश तपाईंले पाउन थाल्नु हुनेछ। जुन आत्मा प्रसुप्त छ, तटस्थ छ, जागृत हुनेछ।

आज भनिन्छ कि ईश्वर हृदयमा वास गर्दछ, तर चार-छः महीना मात्र कुनै तत्त्वदर्शी महापुरुषको सेवा, वहाँद्वारा बताएका साना-तिना साधना तपाईंले गर्न सक्नु भयो भने वहाँ जागृत हुनेछ। तपाईंसंग कुरा गर्न थाल्नु हुनेछ, तपाईंको मार्ग-दर्शन गर्न थाल्नु हुनेछ। त्यो प्रभुले तपाईंलाई हिड़ाउनु हुनेछ। वहाँ कै निर्देशनमा हिड़ेर साधकले वहाँलाई प्राप्त गर्दछ। **'न अयं आत्मा प्रवचनेन लभ्यः'**- यो आत्मा न प्रवचनबाट प्राप्त हुन्छ, न विशिष्ट बुद्धिबाट प्राप्त हुन्छ, न त धेरै सुनेर-बुझेर नै प्राप्त हुन्छ, बरू लाखौं भाविकहरूमध्ये जसलाई वहाँले वरण गर्नुहुन्छ, जसको हृदयबाट जागृत भएर औंला समाएर डोऱ्याउन थाल्नु हुन्छ, उसले वहाँको निर्देशनमा हिड़ेर वहाँलाई प्राप्त गर्छ र औंला तब मात्र समाउने छ जब एकमात्र परमतत्त्व परमात्मामा श्रद्धा होस् र तत्त्वदर्शी सद्गुरु उपलब्ध होस्। विचार-विमर्शको लागि तपाईंको र तपाईंको अमूल्य विचारहरूको सधैं स्वागत छ।

**।। ॐ।।**

**ओमित्येकाक्षरं ब्रह्म व्याहरन्मामनुस्मरन्।**
**यः प्रयाति त्यजन्देहं स याति परमां गतिम्॥**

जो पुरुष '**ओम् इति**'– ओम् यति मात्र, जुन अक्षय ब्रह्मको परिचायक हो, त्यसको स्मरण गर्दै शरीरको त्याग गरेर जान्छ, त्यो पुरुष परमगतिको प्राप्त हुन्छ। श्रीकृष्ण एउटा योगी थिए, सद्गुरु थिए। योगेश्वर श्रीकृष्णले भन्नुभएको छ कि ओम् अक्षय ब्रह्मको परिचायक हो, तिमी जप यसको गर र ध्यान मेरो गर। प्राप्ति गरेको प्रत्येक महापुरुषको नाम त्यही हुन्छ जसलाई उसले प्राप्त गरेको हुन्छ, जसमा त्यो विलय छ, त्यसैले नाम '**ओम्**'को बतायो र रूप आफ्नो। योगेश्वरले कृष्ण–कृष्ण जप्ने निर्देशन दिनु भएन; तर कालान्तरमा भाविकहरूले वहाँको पनि नाम जप्ने आरम्भ गरे र आफ्नो श्रद्धा अनुसार त्यसको फल पनि पाउँछन्, जस्तो कि "मान्छेको श्रद्धा जहाँ पनि स्थिर हुनजान्छ, त्यहाँ म नै उभिएर त्यसको श्रद्धालाई पुष्ट गर्दछु तथा म नै फलको विधान गर्दछु। तर त्यो फल भोग्नमा आउँछ, जबकि मेरो भक्त मलाई नै प्राप्त हुन्छ, त्यसको पतन हुँदैन।"

**'यथार्थ गीता : श्रीमद्भगवद्गीता'** ( ८/१३ )




# श्री परमहंस स्वामी श्री अड़गड़ानन्द जी आश्रम ट्रस्ट

न्यू अपोलो एस्टेट, गाला नं 5, मोगरा लेन (रेलवे सबवे के पास), अंधेरी (पूर्व), मुम्बई – 400069
फोन - (022) 28255300 ई-मेल - contact@yatharthgeeta.com वैबसाइट - www.yatharthgeeta.com